नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेसी, धादिङ

**बागमती प्रदेश,नेपाल**

नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको तेस्रो अधिवेशन

**मिति २०८० आषाढ ७ गते**

## कार्यसूचि तथा ऐजेण्डाहरु

१. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमका सम्वन्धमा।
२. विनियोजन विद्येयक, २०८०, आर्थिक विद्येयक, २०८० का सम्वन्धमा।
३. आ.व. २०८०/०८१ को वजेट तथा कार्यक्रम सम्वन्धमा।
४. आ.व. २०८०/०८१ को वजेट सीलिङ्ग सम्वन्धमा।
५. आ.व. २०७९/०८० मा सम्पूर्ण कार्यपालिका वैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा।
६. आ.व. २०७७/०७८ र २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनका सम्वन्धमा ।
७. न्यायिक समितिको प्रतिवेदनका सम्वनधमा।
८. राजश्व अभिवृद्धिका सम्वन्धमा।
९. आ.व. २०७९/०८० मा विनियोजित वडागत वजेट सीलिङ्गको कार्यान्वयन छिटो सम्पन्न गर्ने वडाका सम्वन्धमा।
१०. आ.व. २०७९/०८० मा उठेको राजश्वको १० प्रतिशत राजश्वको तोकिएको शीर्षकमा खर्च गर्ने गरी वडालाई उपलब्ध गराउने सम्वन्धमा।
११. फोहोरमैला व्यवस्थापन गर्ने वडालाई थप रकम उपलब्ध गराउने सम्वन्धमा।
१२. राजश्वको व्यवस्थापनका लागि नगर कार्यपालिकालाई अख्तियरी प्रदानका सम्वन्धमा।
१३. राजश्व संकलनलाई व्यवस्थित वनाउने सम्वन्धमा।
१४. भगिनि सम्वन्ध स्थापनाका लागि पहल गर्ने सम्वन्धमा।
१५. भुक्तानी दिन वाँकी योजना तथा कार्यक्रमका सम्वन्धमा।
१६. दायित्व सार्ने योजना तथा कार्यक्रमका सम्वन्धमा।
१७. समितिहरुका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
१८. आ.व.२०७९/०८० मा भएका भुक्तानी अनुमोदन गर्ने सम्वन्धमा।
१९. वडा अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्ने सम्वन्धमा।

२०. सडक पूर्वाधार निर्माणका सम्वन्धमा।

२१. संघ र प्रदेश सरकारसंग आवश्यक समन्वय गर्ने सम्वन्धमा।

२२. संघीय तथा प्रदेश सरकार एवम् कुनै संघ/सस्थावाट योजना कार्यान्वयन गर्दा लगत स्टिमेट स्वीकृत गर्ने सम्वन्धमा।

२३. कर्मचारी प्रोत्साहनका सम्वन्धमा।

२४. इन्धन उपलब्ध गराउने सम्वन्धमा।

२५. दुइ पाग्रे सवारी साधन मर्मतका सम्वन्धमा।

२६. राशन भत्ता उपलब्ध गराउने सम्वन्धमा।

२७. आर्थिक सहयोगका सम्वन्धमा ।

२८. करारका कर्मचारीहरुको म्याद थप गर्ने सम्वन्धमा।

२९. दररेटका सम्वन्धमा।

३०. नगरपालिकालाई वालमैत्री नगर घोषणाको तयारीका सम्वन्धमा।

३१. वडा कार्यालयहरुलाई योजना तथा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

३२. प्रधानमन्त्री रोजगार अन्तर्गतका योजना तथा कार्यक्रमका सम्वन्धमा।

३३. तयार नेपाल अन्तर्गतका योजना तथा कार्यक्रमका सम्वन्धमा।

३४. कार्यालय सञ्चालन, व्यवस्थापन तथा चालु प्रकृतिका योजना तथा कार्यक्रमहरुका सम्वन्धमा।

३५. विषयगत शाखा अन्तर्गतका योजना तथा कार्यक्रमका सम्वन्धमा।

३६. संघीय तथा प्रदेश सरकारद्वारा हस्तान्तरीत शसर्त तर्फका योजना तथा कार्यक्रमहरुका सम्वन्धमा।

३७. वडागत योजना तथा कार्यक्रमका सम्वन्धमा।

३८. अन्य विविध विषयहरुका सम्वन्धमा।

# नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको तेस्रो अधिवेशनमा आर्थिक बर्ष २०८०/०८१ का लागि नगरप्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूद्धारा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम

**मिति :- २०८० असार ०७ गते**

यस गरिमामय नगर सभामा उपस्थित नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, उपस्थित कर्मचारी मित्रहरु, सञ्चारकर्मीहरु एवम् सरोकारवाला निकाय तथा अन्य उपस्थित महानुभावहरु!

नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको यो तेश्रो अधिवेशनमा उपस्थित यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु। नेपालको संविधान २०७२ ले ब्यवस्था गरेको तीन तहको सरकार अन्तर्गत जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकार प्रमुखका रुपमा नीलकण्ठ नगरपालिकाको दोश्रो पटक नेतृत्व गर्ने अवसर प्राप्त गरी यो दोश्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। यो गरिमामय क्षणमा स्वतन्त्रता, संघीयता र लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि शाहदत प्राप्त गर्ने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

राजनैतिक ब्यवस्था परिवर्तन र स्वतन्त्रताको लागि पुस्तौंसम्म सघर्ष गर्दा देखिएको पछौटेपनको अन्त गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिकासाथ स्थानीय सरकारको माध्यमबाट नगरको समग्र विकास गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा छ।यो जिम्मेवारीलाई इमान्दारिताकासाथ निर्वाह गर्दै हाम्रै कार्यकाल भित्र देशकै नमूना नगरपालिकाको रुपमा नीलकण्ठ नगरपालिकालाई स्थापित गर्ने प्रतिबद्धता पुनः स्मरण गर्न चाहन्छु।

उपलब्ध विविध साधन श्रोत, संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरुको न्यानो साथ एवम् विभिन्न दातृ संघ/संस्था तथा निकायसँगको सहकार्यमा नगरबासीले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

अब म नीलकण्ठ नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि नीति तथा कार्यक्रम तपाईहरु समक्ष पेश गर्दछुः,

यो नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ को भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, निर्वाचनका बेला हामीले गरेको प्रतिबद्धता, दीगो विकास लक्ष्यका प्राथमिकताहरु, नीलकण्ठ नगरपालिकाको एकीकृत शहरी विकास योजना, भूगोलमा आधारित आवधिक योजना एवम् विभिन्न विषयगत रणनीतिक योजनाहरुका लक्ष्य प्राप्ति गर्ने उद्देश्यका साथ प्रस्तुत गरेकोछु।

चुनावी घोषणापत्रमा समावेश गरिएका अधिकांश विषय पहिलो बर्षकै नीति कार्यक्रममा समेटिएकाले त्यसैलाई निरन्तरता दिँदै आवधिक योजनाको बार्षिक लक्ष्य हासिल गर्ने गरी आगामी बर्षको नीति कार्यक्रम तय गरेकोछु।सामाजिक प्रभाव मुल्याङ्कन, एकीकृत शहरी विकास योजनाको आवधिक समिक्षा र मध्यकालिन खर्च संरंचनाको निर्धारित लक्ष्य हासिल गर्ने गरी आगामी आर्थिक बर्ष भित्रमा हासिल गरिने मापन योग्य नतिजालाई ध्यानमा राखेर यो नीति कार्यक्रम निर्माण गरेकोछु।नीलकण्ठ नगरपालिकाको १४ वटै वडामा विकासका पूर्वाधार निर्माण गरी जनमैत्री र छरितो स्थानीय सरकार सञ्चालन गर्न विभिन्न विषयगत प्राथमिकता निर्धारण गरेकोछु।अब म निर्धारित विषयगत प्राथमिकताका आधारमा तयार गरिएका नीति तथा कार्यक्रमलाई तपाईँहरु समक्ष प्रस्तुत गर्दछुः,

१. नीलकण्ठ नगरपालिकालाई देशकै नमूना नगरको रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तय गरिएको योजनाबद्ध आयोजना र कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन बाँकी भएका सवै नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

२. अघिल्लो कार्यकाल र बर्षहरुमा जारी नीति तथा कार्यक्रमहरुको उपलब्धी र कार्यान्वयन अवस्थाको समिक्षा गरी प्राप्त सुझावहरुका आधारमा थप प्रभावकारी कार्ययोजना निर्माण गरी लागू गरिनेछ।

३. विगत आर्थिक बर्षहरुमा भएका महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरुले नगरबासीहरुमा परेको प्रभावका सम्वन्धमा सामाजिक प्रभाव मुल्याङ्कन गरी प्राप्त प्रतिवेदनका आधारमा अवस्था विश्लेषण तथा सुझाव प्रतिवेदन अनुसार दीगो पूर्वाधार र सामाजिक सम्पत्तिको प्रभावकारी सदुपयोग गर्ने ब्यवस्था मिलाइनेछ।

४. व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशीला मान्दै नीलकण्ठ नगरपालिकाका हरेक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने गरी हाम्रो कार्यकाल भित्र कालोपत्रे गरिसक्ने घोषित प्रतिबद्धतालाई निरन्तरता दिइनेछ। नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरेको सडक मापदण्ड र भवन निर्माण तथा वस्ती विकास मापदण्ड अनुसार सडक विस्तार तथा स्तरबृद्धिमा जोड दिइनेछ।

५. नगरबासीहरुमा ब्यापक स्वरोजगारीको सृजना गर्न एक वडा एक उत्पादनको नीति अनुसार मापनयोग्य कार्यक्रमहरु सञ्चालन गरिनेछ। हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र घोषणा गर्दै एक वडा एक उत्पादन कार्यक्रमलाई अघि बढाइनेछ। पकेट क्षेत्र घोषणाका लागि सवै वडाका कृषि क्षेत्रका माटो परिक्षण गरी उपयुक्त बालीको

सिफारिस गरिनेछ। साथै नगरबासीहरुलाई आफ्नै नगरभित्र उत्पादित वस्तु र सेवाको उपभोगका लागि अभिप्रेरित गरिनेछ।

६. मेयर उद्यमशिलता विकास कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरी उत्पादन, सेवा र रोजगार सृजना गर्ने उद्यम प्रवर्द्धन गरिनेछ। हाल ब्यवसाय सचेतना तालिम लिइ ब्यवसायीक योजनाका आधारमा विना धितो कर्जा लिएका ब्यक्तिगत फर्महरुको दायरा बढाइ सामुहिक रुपमा उद्यम गर्न चाहने नगरबासीहरुलाई सामुहिकतामा प्रति ब्यक्ति रु २ लाखका दरले २० लाख सम्मको ऋण विना धितो प्रवाह गरिनेछ।

७. नीलकण्ठ नगरपालिकालाई तिर्खामुक्त नगरको रुपमा स्थापित गर्ने पूर्व घोषित नीति अनुसार बाँकी रहेका वडा वस्तीहरुमा खोनेपानीको आपूर्ति सहज हुने गरी योजना सञ्चालन गरिनेछ। संघीय खानेपानी आयोजना, नगर लगानी कोष र विभिन्न साझेदारहरुसंग समन्वय गरी जलवायु अनुकुलित बृहत खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन र शुरुवात गरिनेछ। निर्माणाधीन अवस्थामा रहेका धादिङवेशी बृहत खानेपानी लगायतका आयोजना तत्काल पुरा गर्न आवश्यक पहल कदमी र समन्वय गरिनेछ।

८. नगरवासीको आधारभूत र गहन स्वास्थ्य उपचारकालागि नगर केन्द्रमा रहेको जिल्ला अस्पतालसंग सहकार्य गरी हरेक वडा केन्द्रमा स्थापित नगर स्वास्थ्य युनिटहरुमा गुणस्तरीय आधारभूत स्वास्थ्यसेवा प्रवाह र टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ। स्वास्थ्य क्षेत्रसँग जोडिएका समग्र पक्षलाई समेट्दै एकीकृत स्वास्थ्य विकास कार्यक्रम मार्फत योजनाबद्ध क्रियाकलाप अघि बढाइनेछ।स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै विपन्न बर्ग स्वास्थ्य उपचार सहायता कार्यक्रमलाई थप ब्यवस्थित बनाइनेछ।नसर्ने रोग विरुद्धको सचेतना अभियान सञ्चालन गर्दै, आयुर्वेदिक स्वास्थ्य, नागरिक आरोग्य र योग साधनाका कार्यक्रमहरुलाई समुदाय स्तर सम्म सञ्चालन गरिनेछ।

९. रक्तदान अभियानलाई मानवीय सेवा अभियानको रुपमा प्रवर्द्धन गर्दै नगरबासीलाई आवश्यक रगत निःशुल्क उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। रक्तदान अभियानलाई प्रोत्साहित गर्न १० पटक भन्दा बढि रक्तदान गर्ने रत्तदातलाई नगर तथा वडाहरुबाट हुने सिफारिस शुल्कमा १० प्रतिशत छुटको ब्यवस्था गरिनेछ।

१०. नगरपालिकाको दीगो पूर्वाधार, सामाजिक उद्यम र सचेतना परियोजना तथा नगर योजना आयोगको समेत काम गर्ने गरी स्थापना भएको नीलकण्ठ नगर विकास प्राधिकरण मार्फत प्राधिकरणको उद्देश्य अनुरुपका आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

११. नगर शिक्षा योजनाको आवधिक समिक्षा गरी शिक्षा क्षेत्रमा गुणस्तर विकासका लागि रचनात्मक कृयाकलाप सञ्चालन गरिनेछ। हाल नगर क्षेत्रका सवै शिक्षण संस्थाहरुमा शैक्षिक अडिट गरी शैक्षिक अवस्थाको वास्तविक अवस्था पहिचान गरिनेछ। भूगोल, सञ्चालित कक्षा र विद्यार्थी अनुपातलाई विशेष आधार बनाई विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरिनेछ। हरेक वडामा एक नमूना श्रोत विद्यालय स्थापना गरी विद्यालय अनुगमन र शैक्षिक गुणस्तर विकासलाई विकेन्द्रीत अवधारणामा प्रवर्द्धन गरिनेछ।

१२. विद्यालयको ब्यवस्थापकीय क्षमतामा सुधार ल्याउन विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसंग कार्य सम्पादन सम्झौता/करार सम्झौता गरी सो का आधारमा मुल्यांकन, प्रोत्साहन, पुरस्कार तथा सम्मान गरिनेछ। शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ब्यवस्था मिलाईनेछ।

१३. नीलकण्ठ नगरक्षेत्रमा सञ्चालित एक मात्र QAA (गुणस्तर सुनिश्चितता एवम् प्रमाणिकरण) मान्यता प्राप्त क्याम्पस नीलकण्ठ बहुमुखी क्याम्पसलाई साझा सैक्षिक हबका रुपमा

विकास गरि लक्षित जनशक्ति उत्पादन योजना तयार गरिनेछ। नगर गौरबका योजनाको रुपमा गत बर्ष स्थापित नीलकण्ठ बहूप्राविधिक शिक्षालयको स्तरबृद्धि र विषय विस्तारमा आवश्यक सहयोग गरिनेछ। दलित तथा विपन्न बर्ग छात्रबृत्तिलाई थप प्रभावकारी रुपमा निरन्तरता दिइनेछ।

१४. नीलकण्ठ नगरपालिकाको २० बर्षे कृषि रणनीतिक योजना अनुसार कृषि क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ।निर्वाहमूखी कृषिलाई ब्यवसायिक कृषिमा रुपान्तरण गरी कृषिलाई उत्पादनको विशेष श्रोतको रुपमा विकास गर्न किसान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। व्यवसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बालीबीमा कार्यक्रमलाई कृषकहरुका बीच प्रभावकारी बनाउने योजना सञ्चालन गरिनेछ। विपन्न, दलित, आदिवासी सीमान्तकृत लगायत लक्षित वर्गका किसानलाई विशेष सहयोगको नीति अवलम्बन गरिनेछ।

१५.नगरक्षेत्रका बाँदर पिडित किसानहरुका लागि बैकल्पिक खेती तथा पशुपंक्षी पालनमा विशेष सहयोग गरिनेछ। बाँदर नियन्त्रणका लागि उपलब्ध सवै प्रकारका उपायहरु अवलम्बन गरिनेछ।

१६. कृषि तथा पशुपालनमा ब्यवसायिकता प्रवर्द्धन गरी दुध, अण्डा, मासु र तरकारीमा आत्मनिर्भर नगर घोषणा नीति लिइनेछ। कृषि तथा पशुपालनमा मूल्य श्रृंखलामा आधारित ब्यवसायिक प्रवर्द्धन गरी उत्पादनमा आधारित अनुदान वितरणलाई नियमितता दिइनेछ। साथै विगत बर्ष देखि सञ्चालित मोवाइल भेटेनरी सेवालाई थप प्रभावकारी रुपमा १४ वटै वडामा सञ्चालन गरिनेछ।

१७. नगरक्षेत्रमा किसान सूचिकरण कार्यक्रमबाट सूचिकृत भएका किसान लक्षित कार्यक्रम सगै निर्माण क्षेत्रका मजदुरहरुको समेत सूचिकरण तथा जीवन सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१८. नगरक्षेत्रमा उद्योग व्यवसायको प्रवर्द्धन गर्न उद्यममैत्री नीति अबलम्बन गरिनेछ। नगरक्षेत्र भित्र निर्माणाधिन उद्योगग्रामलाई पूर्णता दिई सम्भाव्य उद्योगहरु सञ्चालनमा सहजिकरण गरिनेछ। ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्न आवश्यक वातावरण वनाइ दिनुका साथै साना तथा घरेलु एवम् लघु उद्योगलाई सहयोग र प्रवर्द्धन गरिनेछ।

१९. ठूला आयोजनाहरुलाई प्रवर्द्धन गर्न हरेक वडामा कम्तिमा एउटा बहूबर्षीय योजना सञ्चालन गरिनेछ। मध्यकालिन खर्च संरचना र आवधिक योजना संग सामान्जस्यता हुने गरी उपलब्ध श्रोतबाट सञ्चालन गर्न सकिने गरी आयोजना बैंक निर्माण गरिनेछ।

२०. नगरको मुख्य केन्द्रको रुपमा रहेको धादिङवेंसी बजारलाई सफा, ब्यवस्थित र हरियाली शहरको रुपमा विकास गर्ने नीतिलाई नीरन्तरता दिँदै आगामी बर्ष भित्रमा बजारका सवै भित्री सडकहरु समेत कालोपत्रे र ढलान गरी हिलो धुलो रहित बनाइनेछ। बजारक्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि गरिएको नापजाँच अनुसार सार्वजनिक जग्गाको संरक्षण र करिडोर निर्माण कार्यलाई निरन्तरता दिइनेछ। नगरपालिकालाई उज्यालो नगरका रुपमा सडक बत्ती को ब्यवस्था गर्न थप सडक बत्ति ब्यवस्थापन गरिनेछ। साथै टोल विकास संस्थाहरुसंगको सहकार्यमा सडक बत्तिको महशुलमा ५० प्रतिशत रकम साझेदारीमा ब्यहोरिनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

२१. यस नगरपालिकासँग सिमाना जोडिएका र जिल्ला स्थित अन्य पालिकाहरुका साथै प्रदेश सरकार र संघीय सरकारसंग समन्वय, सहकार्य र सह-अस्तित्वको भावना अनुसार नै कार्य प्रारम्भ गरिनेछ।

२२. उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गरिनेछ। कुनै पनि बस्ती टोलमा शाखाबाटो वा नयाँ बाटो खोल्दा

नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र खोल्नु पर्ने व्यवस्था गरिनेछ। बजार र ग्रामीण क्षेत्रमा नमूना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन गर्न सम्भाव्यता अध्ययन गरी उपयुक्त क्षेत्रहरुमा जग्गा एकिकरण (land pooling) गरिनेछ।

२३. नगर क्षेत्रमा बन्ने घरको निर्माण पूर्व अनिवार्य नक्सापास गर्ने ब्यवस्था को प्रभावकारी नियमन गरि विद्युतीय नक्सापास प्रणाली अबलम्बन गरिनेछ। नगरक्षेत्रको जग्गा बर्गीकरणलाई बैज्ञानिक बनाउँदै बर्गिकृत जग्गाहरुको ब्यवस्थित सदुपयोगको नीति तयार गरिनेछ।

२४. नीलकण्ठ नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लागिसकेकाले समयमै निर्माण सम्पन्न गरी सेवा प्रवाह ब्यवस्थित गरिनेछ।

२५. नीलकण्ठ नगरपालिकाका सवै ब्यवसायी र करदातालाई करको दायरामा ल्याउन आगामी बर्षलाई कर सहभागिता बर्षको रुपमा लिइनेछ। आउने बर्ष भित्र नगरका सवै घर परिवार, नगरबासी र ब्यवसायीलाई पारिवारिक एवम् ब्यवसायीक फोल्डरमा आधारित तथ्याङ्क प्रणाली अनुसार अभिलिखित गरिनेछ। स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले नगरबासी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, घरेलु तथा साना उद्योग महासंघ, टोल बिकास संस्था र स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ।

२६. नगरको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरुसंगको सहकार्यलाई जोड दिइनेछ। स्थानीय संघ, संस्था र क्लवहरुमार्फत सामुदायिक विकासका कार्यक्रमहरुमा सहकार्य गरिनेछ भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाका कार्यक्रमहरुमा समेत प्रभावकारिता हेरी नगर बजेटबाट साझेदारी गरिनेछ।

२७. अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा हार्दिक स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ। साथै नागरिक सेवा र राजश्व अभिवृद्धि हुने आयोजनाहरुमा नगरपालिकाले आवश्यक ऋृण लिई लगानी गर्ने नीति लिइनेछ। नगर क्षेत्रमा स्थापित एवम् मुख्य कार्यालय राखी कृयाशिल सवै गैह्र सरकारी संस्थाहरुलाई सूचिकरण तथा नियमन गर्ने र नगर स्तरीय सामुदायिक संस्था दर्ता कार्यविधि जारी गरिनेछ।

२८. नगरक्षेत्रका सहकारीहरुको क्षमता विकास र पूर्वाधारका लागि साझेदारी गर्दै सहकारीहरुले सञ्चालन गर्ने सचेतना र स्वरोजगारमूलक कार्यक्रममा नगरपालिकाले आवश्यक सहकार्य गर्ने नीति लिइनेछ।

२९. नीलकण्ठ नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार आगमी बर्ष भित्र नगरपालिकालाई बातावरणमैत्री नगर घोषणा गर्ने गरी वातावरण क्षेत्रमा योजना र कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय वन ऐन जारी गरी हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ। नगर क्षेत्रका सामुदायिक, कबुलियती तथा सरकारी वनको संरक्षण, जडिबुटी विकास कार्यक्रम तथा भू-संरक्षण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिनेछ। डडेलो नियन्त्रण तथा वातावरणमैत्री कार्यक्रमका लागि सामुदायिक वन समूह, कबुलियति वन, डिभिजन वन कार्यालय र विभिन्न संघ/संस्था संग आवश्यक सहकार्य गरिनेछ।

३०. नगर क्षेत्रका सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैङ्गिक भेदभावमुक्त स्थलका रुपमा घोषणा गरिनेछ। संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, एकल महिला, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा

सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३१. महिलाहरुको समग्र विकास, रोजगारी, प्रजनन स्वास्थ, समानता र पहूँच स्थापित गर्न नगरपालिकाका निर्वाचित महिला जनप्रतिनीधिहरुको नेतृत्वमा सञ्चालन हुने गरी महिलाका लागि महिला जनप्रतिनिधि परियोजना १४ वटै वडा समितिहरु संग सहकार्य गरी सञ्चालन गरिनेछ।

३२. दलित बर्गको उत्थान, शसक्तिकरण र विकासकालागि निर्मित दलित शसक्तिकरण रणनीतिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेट र योजनाका साथ क्रियाकलाप सञ्चालन गरिनेछ।

३३. शहिद, बेपत्ता तथा विभिन्न आन्दोलनका घाइते र परिवारलाई आवश्यक पुनस्थापना, शसक्तिकरण र बृत्तिविकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३४. युवाहरुको सर्वाङ्गिण विकास र शसक्तिकरणका लागि क्षमता विकास, रोजगारी प्रवर्द्धन, प्रशासनीक क्षेत्रमा सहभागिता, एवम् सामाजिक सेवामा अभिप्रेरित गर्न युवासंग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ। युवा उद्यमशिलतालाई मेयर उद्यमशिलता कार्यक्रमसंग जोड्दै नबप्रवर्तनको क्षेत्रमा अभिप्रेरित गरी सृजनात्मक कार्य र आविश्कारजन्य कार्य गर्ने युवाहरुको प्रतियोगिता तथा पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३५. बैदेशिक रोजगारीलाई विप्रेशणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै बैदेशिक रोजगारीमा जानुपूर्वको सचेतना, बैदेशिक रोजगारीबाट प्राप्त कमाईको सदुपयोग र रोजगारीबाट फर्केपछिको ज्ञान सिपलाई सदुपयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। साथै बैदेशिक रोजगारीका नाममा हुने ठगी, मानसिक तनाब र पारिवारिक समस्याको समाधान गर्न आवस्यक सहजिकरण, मनोपरामर्श र वित्तिय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ।

३६. संघीय सरकार, प्रदेश सरकार र विभिन्न सरोकारवाला निकायसंग सहकार्य गर्दै समुदायस्तरमा नै पर्याप्त आय र रोजगारीका अवसरहरु सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। श्रम र रोजगारीको क्षेत्रको समुचित ब्यवस्थापनका लागि सुरक्षित आप्रवासन कार्यविधि जारी गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसंग सम्बन्धित विषयलाई ब्यवस्थित गर्न नीलकण्ठ नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवस्यक सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गरिनेछ।

३७. नीलकण्ठ नगरपालिकालाई खेलमैत्री नगरका रुपमा स्थापित गर्न सवै खेलको प्रवर्द्धन र खेलाडीहरुको प्रोत्साहन एवम् सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय स्तरमा राष्ट्रपति रनिङ शिल्डलाई नगर खेलकुद उत्सवका रुपमा र अन्य विभिन्न खेल प्रतियोगिताहरुलाई माग र आवश्यकताको आधारमा सञ्चालन गरिनेछ। धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमूना हरित खेल मैदानको अवधारणामा विकास गरी बहूआयामिक खेल तथा सभास्थलको रुपमा विकास गरिनेछ।

३८. **<u>"नगरको सफाई र आकर्षण: फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन"</u>** भन्ने घोषित नीतिलाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ। व्यवस्थित Land fill साइट, कुचिकार र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधिमार्फत् नियमित र प्रभावकारी रुपमा नगर सरसफाई कार्यक्रमलाई अघि बढाइनेछ। श्रोतमै फोहोरको बर्गिकरण गरि बैज्ञानिक विधिबाट फोहोर मैला ब्यवस्थापन गर्न आवश्यक ब्यवस्था गरिनेछ।

३९. नीलकण्ठ नगरपालिकाको समृद्धिको आधारको रुपमा पहिचान गरिएको पर्यटन क्षेत्रको विकास गर्न नगर पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेका गन्तब्यहरुको प्रवर्द्धन गरिनेछ। भैरवी पर्यटन क्षेत्रको प्रवर्द्धन, चमेरे गुफाको सौन्दर्यीकरण, भंगेरीचुली मन्दिर, पशुपति मन्दिर,

सल्लाघारी पार्क, सल्लाघारी बगैंचा, रामकोट दरबार, पौवा दरवारको पुननिर्माण तथा नगरक्षेत्रभित्र रहेका होम स्टेहरुको स्तरबृद्धि, साइक्लीङ, हाइकिङ, रक क्लाइम्बीङ जस्ता पर्यटकीय खेलहरुको प्रवर्द्धन गरिनेछ।

४०. नगरक्षेत्र भित्रका सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। विभिन्न जात्रा, महोत्सव र पर्वहरुमा जातजाति विशेष सांस्कृतिक प्रवर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ।नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठान मार्फत ललितकला, साहित्य, ज्ञान, विज्ञान, सृजना र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम गरिनेछ।

४१. नीलकण्ठ नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने घोषीत नीति अनुसार एकीकृत कार्यविधि जारी भै केहि वडा वालमैत्री वडा घोषणा समेत भैसकेको अवस्थामा सवै वडालाई बालमैत्री वडा घोषणा गर्न निर्धारित सवै सूचकहरु पुरा गर्ने गरी कार्यक्रम सञ्चालन गरी बालमैत्री नगर घोषणा गरिनेछ।

४२. नगरपालिकाको प्रशासन र सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउन सवै विकल्प अपनाइनेछ। विद्यमान आर्थिक मन्दी तथा बार्षिक बजेट सीमा घटेका बेला मितब्ययीता अपनाउन आर्थिक बर्ष २०८०/०८१ मा नगरपालिकाको खर्चबाट जनप्रतिनिधी र कर्मचारीको कुनै पनि अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिनेछैन।क्षमता विकास योजनाले निर्दिष्ट गरी आवश्यकता पहिचान भएका विषयमा मात्र तालिम कार्यक्रमहरु राखि सचेतनामूलक भन्दा शिपमूलक कार्यक्रमहरुमा जोड दिइनेछ।

४३. भ्रष्ट्राचार र अनियमिताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँच र खुल्ला सरकारको अवधारणामा प्रशासन सञ्चालन गर्ने विगत बषकै प्रतिबद्धता अनुसार जबाफदेही

प्रशासन सञ्चालन गरिनेछ। अपराध न्यूनिकरण, स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्न सहयोग पुग्ने कार्यक्रम, गुनासो ब्यवस्थापन र सेवा प्रवाहमा सरलिकरण गर्ने कार्य गरिनेछ।

४४. नगरपालिकाको वडा स्तरका योजनाहरुलाई छरितो अनुगमन तथा योजना फर्छ्यौटमा सरलता कायम गर्न ५ लाख सम्मका योजनाहरुको सम्झौता र अनुगमन सम्बन्धित वडा समितिबाटै गर्ने नीति लिइनेछ।

४५. नगर प्रशासन र नगरबासीहरुमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न नगरबाट सञ्चालित रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनसंग आवश्यक सहकार्य गरिनेछ। नगर क्षेत्रका पत्रकारहरुको क्षमता बृद्धिका लागि तालिम तथा वृत्तिविकासका कार्यक्रम सञ्चालन साथै लेखनबृत्ति र नीलकण्ठ नगर विकास पत्रकारिता पुरस्कार वितरणको शुरुवात गरिनेछ।

४६. नीलकण्ठ नगरपालिकालाई विपद् ब्यवस्थापनमा नमूना नगरको रुपमा स्थापित गर्न विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुर्न-स्थापना, विपद् ब्यवस्थापन श्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगरप्रहरीको क्षमता विकास गरी चुस्त दुरुस्त अवस्थामा राखिनेछ। नगर स्तरीय विपद् ब्यवस्थापन कोष र समिति एवम् वडा स्तरीय विपद् ब्यवस्थापन समितिको क्षमता विकास गरी थप जिम्मेवार र क्रियाशिल बनाइनेछ। पूर्वाधारका हरेक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्युनिकरण क्षेत्रमा विपद् ब्यवस्थापन कोष मार्फत खर्च गरिनेछ।

४७. कार्यपालिका सदस्यहरुले नेतृत्व गर्ने विषयगत समितिका अतिरिक्त युवा, महिला, आदिवासी जनजाति, दलितवर्ग, किसान, शिक्षा, सहकारी, खेलकुद जस्ता विषयलाई समेट्न नगरस्तरीय विषयगत समिति निर्माण गरी समन्वयात्मक क्रियाकलाप अघि बढाइनेछ।

४८. यस अघि नगरक्षेत्रमा बजेट विनियोजन तथा प्रभावकारी कार्यान्वयनका लागि भएका सवै विस्तृत परियोजना अध्ययन प्रतिवेदन अनुसार आवश्यक बजेट विनियोजन गर्न विशेष प्राथमिकता दिई नगरपालिकाको श्रोत, प्रदेश तथा संघ सरकार र साझेदार निकायहरुसंग समन्वय गरिनेछ।

४९. **"बिचारमा विविधता विकासमा एकता"** को सूत्रलाई आत्मसात गर्दै नगरविकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाज एवम् विषय विज्ञहरुले दिएका सुझाव र अघिसारेका राम्रा योजनाहरुलाई अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गरिनेछ।

**नगर सभाका सदस्यज्यूहरु,**

नगरबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम अनुरुप नै बजेट बिनियोजन हुनेछ। बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत नीति कार्यक्रम र विकासका लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै सबैको साथ सहयोगको अपेक्षा राखेको छु।

जय नीलकण्ठ! जय नेपाल!

प्रस्तुतकर्ता
भीमप्रसाद ढुंगाना
नगर प्रमुख
एवम्
नगर सभाध्यक्ष
नीलकण्ठ नगरपालिका, धादिङ।

इति सम्वत् २०८० साल असार महिना ०७ गते ५ रोज शुभम्..................................!

# नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको तेस्रो अधिवेशनमा

## उप प्रमुख दिपक विश्वकर्माबाट प्रस्तुत

## आ. व. २०८०/०८१ को वजेट तथा कार्यक्रम

मिति २०८०/०३/०७ (बिहिबार)

श्री नगर सभाका अध्यक्ष एवम् नगरप्रमुखज्यू,

नगरसभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् कर्मचारी तथा पत्रकार मित्रहरु,

आज हामीहरु नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको तेस्रो अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पूर्ण घाइते योद्धाको शिघ्र स्वास्थ्य लाभ तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु।राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु।मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखि नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ। यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु पत्रकार, नागरिक समाज तथा नगरबासी सबै सरोकारवाला निकायको उच्च मुल्याङकन

गर्दछु। आगामी दिनमा सबै सरोकारवाला निकायको पूर्णरुपमा सहयोगको अपेक्षा समेत गर्दछु।

संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध सिमित साधन श्रोतको आधारमा यो बजेट तयार पारिएको छ।

जनचाहनालाई संवोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पनि सहज विषय छैन तथापि नगरपालिकाको वर्तमान आवश्यकता र दीर्घकालिन सोचका साथ भरसक ठूला दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा सरोकार राख्ने प्रकृतिको योजनाहरु एवम् रोजगारी सृजना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्ने प्रयास गरेको छु।

<u>सभा अध्यक्षज्यू,</u>

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन र मापदण्डहरु
- स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धि निर्देशिका,२०७४
- संघीय तथा प्रदेश सरकारका आवधिक विकास योजनाहरु

- नगरपालिकाको नगर गुरुयोजना, सामाजिम प्रभाव मुल्याङ्कन प्रतिवेदन, आवधिक योजना, मध्यकालिन खर्च संरचना, नीति तथा कार्यक्रम
- वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धि मार्गदर्शन

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपन लगायतको क्षेत्रमा रहेको थुप्रै चुनौतीहरु तथा वर्तमान संक्रमणको अवस्था र सो को प्रभावलाई सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरी बजेट तयार गरेको छु।

**आजको यस नगरसभामा निम्न विषयवस्तु प्रस्तुत गर्ने अनुमती चाहन्छुः**

१) चालु आ.व. को प्रगती प्रतिवेदन

२) चालु आर्थिक वर्षको आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडको अवस्था

३) चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा खर्चको अवस्था

४) आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमहरु

अब म चालु आ.व को हाल सम्मको प्रगति विवरण पेश गर्दछु।

चालु आ.व २०७९/८० को मिति २०८०/०३/०६ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

| बजेट शीर्षक | बजेट रकम रु | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८९,०६,३०,९९१/- (उनान्नब्बे करोड छ लाख तिस हजार नौ सय एकानब्बे रुपैया) | ५९,९२,३८,३८५.६०/- (उनान्साठ्ठी करोड बयानब्बे लाख अठ्तिस हजार तिन सय पचासी रुपैंया र साठ्ठी पैसा मात्र) | ६७.२८ प्रतिशत |
| पूजिगत | ६२,७१,०३,२६४/- (बैसठ्ठी करोड एकहत्तर लाख तिन हजार दुई सय चौसठ्ठी रुपैया) | २९,१०,२७,०३०.०१/- (उनान्तिस करोड दश लाख सत्ताइस हजार तिस रुपंया र एक पैसा मात्र) | ४६.४ प्रतिशत |
| कुल जम्मा | १,५१,७७,३४,२५५/- (एक अरब एकाउन्न करोड सत्तहत्तर लाख चौतिस हजार दुइ सय पचपन्न रुपैया) | ८९,०२,६५,४१५.६१/- (उनान्नब्बे करोड दुइ लाख पैसठ्ठी हजार चार सय पन्ध्र रुपैंया र एकसठ्ठी पैसा मात्र) | ५८.६५ प्रतिशत |

**चालु आ.व २०७९/८० को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकारको रहेको छ।**

| विवरण | आ.व २०७९/८० को कुल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ६,००,००,०००/- (छ करोड रुपैंया | २,४८,८९,४७६.६१ (२ करोड अठचालिस लाख उनानब्बे हजार चार सय छयहत्तर रुपैया र एकसट्ठी पैसा मात्र) | ४१.४८ प्रतिशत |
| राजश्व बाँडफाँड संघ | १४,३२,७८,०००/- (चौध करोड बत्तिस लाख अठहत्तर हजार रुपैंया) | ९,२२,१६,३९९.९८/- (नौ करोड बाइस लाख सोह्र हजार तिन सय उनान्सय रुपैंया र अन्ठानब्बे पैसा) | ६४.३६ प्रतिशत |
| राजश्व बाँडफाँड प्रदेश | ६,०६,८४,०००/- (छ करोड छ लाख चौरासी हजार रुपैंया) | ४,९९,८४,८४४.४३/- (चार करोड उनान्सय लाख चौबिस हजार आठ सय चौवालिस रुपैंया र त्रिचालिस पैसा) | ८२.२७ प्रतिशत |
| राजश्व बाँडफाँड मालपोत | ३,००,००,०००/- (तिन करोड रुपैंया) | १,०१,२७,०५४/- (एक करोड एक लाख सत्ताइस हजार चौवन्न रुपैंया) | ३३.७५ प्रतिशत |

**अब म चालु आ.व को हाल सम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगति विवरण पेश गर्दछु।**

चालु आ.व २०७९/८० को मिति २०८०/०३/०६ गते सम्मको क्षेत्रगत बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२,०१,१४,४४६/- (बाह्र करोड एक लाख चौध हजार चार सय छयालिस रुपैंया) | २,७५,२३,१५३/- (दुइ करोड पचहत्तर लाख तेइस हजार एक सय त्रिपन्न रुपैंया) | २२.९१ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक विकास | ६५,७५,९८,८७१/- (पैसठ्ठी करोड पचहत्तर लाख अन्ठानब्बे हजार आठ सय एकहत्तर रुपैंया) | ४६,९२,९८,४४५.१०/- (छयालिस करोड बयानब्बे लाख अन्ठानब्बे हजार चार सय पैतालिस रुपैंया र दश पैसा) | ७१.३७ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ५०,२९,६५,८३८/- (पचास करोड उनतिस लाख पैसठ्ठी हजार आठ सय अठ्तिस रुपैंया ) | २३,७३,७९,२७३.०१/- (तेइस करोड त्रिहत्तर लाख उनासी हजार दुइ सय त्रिहतर रुपैंया र एक पैसा) | ४७.२ प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५,२०,२१,५००/- (पाँच करोड बिस लाख एकाइस हजार पाँच सय रुपैंया) | २,००,४३,७९७/- (दुइ करोड त्रिचालिस हजार सात सय सन्तानब्बे रुपैंया) | ३८.५३ प्रतिशत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १८,५०,३३,६००/- (अठार करोड पचास लाख तेत्तिस हजार छ सय रुपैया) | १३,६०,२०,७४७.५०/- (तेह्र करोड साठ्ठी लाख बिस हजार सात सय सतचालिस रुपैया र पचास पैसा) | ७३.५१ प्रतिशत |
| | कुल जम्मा | १,५१,७७,३४,२५५/- (एक अरब एकाउन्न करोड सतहत्तर लाख चौतिस हजार दुई सय पचपन्न रुपैंया) | ८९,०२,६५,४१५.६१/- (उनानब्बे करोड दुइ लाख पैसठ्ठी हजार चार सय पन्ध्र रुपैंया र एकसठ्ठी पैसा) | ५८.६५ प्रतिशत |

**आ.व २०८०/८१ का लागि आय तर्फ निम्नानुसार श्रोत अनुमान गरेको छु।**

| अनुदान | बजेट | अक्षरुपी |
|---|---|---|
| संघ समानिकरण अनुदान | २१,२१,००,०००/- | एकाइस करोड एकाइस लाख रुपैंया मात्र |
| संघ सशर्त अनुदान | ४६,३५,००,०००/- | छयालिस करोड पैतिस लाख रुपैंया मात्र |
| संघ विशेष अनुदान | २,०५,००,०००/- | दुई करोड पाचँ लाख रुपैंया मात्र |
| संघ समपुरक अनुदान | ५०,००,०००/- | पचास लाख रुपैंया मात्र |
| संघ राजश्व बाँडफाँड | १४,०३,९४,०००/- | चौध करोड तिन लाख चौहनब्बे हजार रुपैंया मात्र |
| प्रदेश समानिकरण अनुदान | २,४२,१५,०००/- | दुई करोड बयालिस लाख पन्ध्र हजार रुपैंया मात्र |

| | | |
|---|---|---|
| प्रदेश सशर्त अनुदान | ३,७०,०२,०००/- | तिन करोड सत्तरी लाख दुई हजार रुपैंया मात्र |
| प्रदेश समपुरक अनुदान | ३,००,००,०००/- | तिन करोड रुपैंया मात्र |
| प्रदेश विशेष अनुदान | १,००,००,०००/- | एक करोड रुपैंया मात्र |
| प्रदेश राजश्व बाँडफाँड | ६,६४,९६,४७७.६६/- | छ करोड चौसठ्ठी लाख छयानब्बे हजार चार सय सत्तहत्तर रुपैंया र छैसठ्ठी पैसा मात्र |
| आन्तरिक राजश्व | ६,००,००,०००/- | छ करोड रुपैंया मात्र |
| मालपोत | २,००,००,०००/- | दुई करोड रुपैंया मात्र |
| अल्या रकम | २,५५,००,०००/- | दुइ करोड पचपन्न लाख रुपैंया मात्र |
| क्रमागत योजना तर्फको अल्या रकम | ७,५०,००,०००/- | सात करोड पचास लाख रुपैंया मात्र |
| कुल जम्मा | १,१८,९७,०७,४७७.६६ | एक अरब अठार करोड सन्तानब्बे लाख सात हजार चार सय सतहत्तर रुपैंया र छयसठ्ठी मात्र |

अब म आर्थिक वर्ष २०८०/८१ को कुल बजेट रु १ अरब १८ करोड ९७ लाख ७ हजार ४ सय सतहत्तर रुपैंया र छैसठ्ठी पैसा मात्रको श्रोत अनुमानबाट चालु र पूजिगत शीर्षकमा विनियोजन भएको बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु। आगामी आ.व २०८०/८१ मा चालु खर्च तर्फ रु ८२,५७,०७,१७७.५२/- (बयासी करोड सन्ताउन्न लाख सात हजार एक सय सतहत्तर रुपैंया र वाउन्न पैसा मात्र) तथा पूजिगत खर्च तर्फ रु ३६,४०,००,३००.१४/- (छत्तिस करोड चालिस लाख तीन सय चौध पैसा मात्र) बजेट विनियोजन गरेको छु।

अव म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्दछु।

**आर्थिक विकास**

**आर्थिक विकास तर्फ रु. ३ करोड ३५ लाख विनियोजन गरेको छु जसको क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ।**

**कृषि तथा पशु**

- माटो र हावापानीसंग मेल खाने कृषि उपज उत्पादनमा जोड दिदैं कृषिलाई निर्वाहमुखिबाट व्यवसायिक वनाउने नीति कार्यान्वयनकालागि बजेट विनियोजन गरेको छु। यस नगरपालिका

भित्रका सबै कृषि क्षेत्रको माटो परीक्षण गरी उपयुक्त कृषि वाली सिफारिस गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

- माटो परीक्षणपश्चात हरेक वडामा माटो सुहाउदो कृषिबाली प्रवर्द्धनका लागि ३५ लाख रुपैयाँ विनियोजन गरेको छ।
- माटोको उर्वराशक्ति बढाउन प्राराङ्गिक मलको प्रयोग, गडौंला खेती प्रवद्धनकालागि आवश्यक रकम छुटयाएको छ।विषादिको प्रयोग न्यूनिकरण गर्न तथा यसले पार्ने असर सम्बन्धमा सचेतिकरणका कार्यक्रम ल्याएको छ।
- हरेक वडामा कम्तिमा एक जना मोवाइल पशु सेवा प्राविधिक (भेटेरिनरी स्वयंसेवक) परिचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।नगर कार्यालय तथा परिचालन भएका भेटेरिनरी स्वयंसेवक मार्फत नगरपालिकाबाट तोकिएका पशुपन्छीको औषधि निशुल्क उपलब्ध गराउनको लागि १० लाख रुपैयाँ विनियोजन गरेको छ।
- विगतका वर्षहरुमा नगरपालिकाबाट पशुबीमा कार्यक्रमका लागि किसानहरुलाई दिदै आएको सहुलियत यस वर्ष पनि निरन्तरता दिएको छ।
- सामुदायिक कुकुर व्यवस्थापनका लागि कुकुर वन्ध्याकरण लगायतका कार्यकालागी आवश्यक रकम विनियोजन गरेको छ।

**उद्यम, उद्योग वाणिज्य**

- गरिवी निवारणका लागि लघु उद्यम परियोजना (मेड्पा) लगायत उद्यम उद्यमशीलता, नव उद्यमी ब्यवशायीहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- मेयर उद्यमशिलता विकास कार्यक्रममार्फत उत्पादन, सेवा र रोजगार सृजना गरी उद्यमशिलता प्रवर्द्धनका लागि रु. ७५ लाख रकम विनियोजन गरेको छ।
- उद्योग बाणिज्य क्षेत्रको प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने छ, जसका लागि रु. १५ लाख विनियोजन गरेको छ। समग्र उद्योग तथा लघु विकासका लागि १ करोड विनियोजन भएको छ। औद्योगिक ग्राम निर्माण कार्यक्रमलाई निरन्तरता दिएको छ।

## संस्कृति तथा पर्यटन

- निलकण्ठेश्वर पार्कको निर्माण निरन्तरता, पर्यापर्यटन, धार्मिक सास्कृतिक महत्वका क्षेत्र तथा संरचना निर्माण तथा संरक्षण सम्वर्द्धनका लागि यथोचित प्रवन्ध मिलाईएको छ। आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका लागि रु. १ करोड १० लाख बजेट विनियोजन गरेको छु।
- नीलकण्ठ नगरपालिकाको भाषा, कला, संस्कृति एवम् प्राज्ञिक क्षेत्रको प्रर्वद्धन विकासका लागि स्थापना भएको निलकण्ठ प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु।

## सहकारी

- आर्थिक विकासको एक खम्वाको रुपमा रहेको सहकारी मार्फत महिला तथा सिमान्तकृत एवम् पिछडिएका बर्गहरूको उद्यमशिलता प्रदान गरी जिविकोपार्जनमा सहजिकरण गर्न तथा सहकारीको प्रर्वद्धन गरी सफ्टवेयरमा आधारित लेखा प्रणाली राख्ने ब्यवस्था गरिने छ। समग्रमा सहकारी विकास कार्यक्रम अगाडि बढाउन रु. १५ लाख विनियोजन गरेको छु।

## सामाजिक विकास

सामाजिक विकासतर्फ रु ८ करोड १ लाख ३० हजार ९ सय ७८ रुपैया विनियोजन गरेको छु जसको क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ।

## स्वास्थ्य

- नेपाल सरकारले तोकेबमोजिमका निःशुल्क औषधिहरु साथै यस नगरपालिकाले लक्षित वर्गहरुको लागि प्रदान गर्ने निःशुल्क स्वास्थ्य सेवाको औषधि, औजार उपकरण तथा प्रयोगशाला सामग्रीहरुको खरिदको लागि प्रर्याप्त रकमको ब्यवस्था गरिएको छ।
- नगरपालिकाका स्वास्थ्यसंस्थाहरुको भौतिक पूर्वाधार मर्मत सम्भार तथा ब्यवस्थापकीय कार्यकालागि रकम ब्यवस्था गर्नुका साथै निरन्तरका सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक रकम विनियोजन गरेको छु।

- “हाम्रो स्वास्थ्यः हाम्रै हातमा” भन्ने नारा लाई जनस्तरमा पुऱ्याउन योग शिक्षा शिविर संचालन गरिनेछ। स्वस्थ मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमहरुलाइ निरन्तरता दिएको छु।
- स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाइने छ। बैकल्पिक उपचार पद्धतिको विकासको लागि समेत बजेट विनियोजन गरेको छु। नगरबासी जनताको प्रेसर, सुगर, ब्लड ग्रुप छुट्ट्याउने, होलबडी चेक अप जस्ता स्क्रिनिङ कार्यक्रमहरु संचालन गरिने छ।जेष्ठ नागरिकलाई घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने कार्यक्रम संचालन गरिने छ।

<u>शिक्षा</u>

- “एक वडा, एक नमूना (स्रोत) विद्यालय” विकास कार्यक्रम मार्फत विद्यालय शिक्षाको गुणस्तर सुधारको कार्यका लागि २१ लाख रुपैयाँ विनियोजन गरेको छु।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक, अभिभावक तथा विद्यार्थीलाई थप जिम्मेवार बनाउने तथा विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन यथोचित प्रवन्ध गरेको छु। दलित तथा विपन्न बालबालिकाहरुको उच्च शिक्षा अध्ययनका लागि सहयोग पुऱ्याउन छात्रबृत्ति प्रदान गर्न रु. २१ लाख विनियोजन गरेको छु।
- शिक्षक तालिम, विद्यालय कार्यसम्पादन स्तर मूल्याङ्कन, नतिजा विश्लेषण गरी सुधार योजना कार्यान्वयन आदि कार्यक्रम मार्फत शैक्षिक सुधारको लागि २७ लाख रकम विनियोजन गरेको छु।
- नीलकण्ठ क्याम्पसको लागि रु. १५ लाख विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रको समग्र विकासका लागि संघीय सरकारबाट प्राप्त कार्यक्रम प्रदेश सरकारबाट प्राप्त कार्यक्रममा नगरपालिकाबाट थप ३ करोड ८५ लाख विनियोजन गरेको छु।

<u>युवा तथा खेलकुद</u>

- “युवासंग उपप्रमुख” कार्यक्रम मार्फत युवावर्गको शिक्षा, सीप र उद्यमशिलता प्रर्वद्धन गर्ने, नमूना युवा संसद अभ्यास गर्ने, नगर युवा नीति तयार गर्ने लगायत युवा हितका कार्य

गर्नको लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। यसबाट युवाहरुमा सामुदायिक सेवा, सार्वजनिक हित र देशभक्तको भावना सहित अनुशासित एवम् नैतिकवान नागरिक बनाउन मद्त पुग्ने लक्ष्य लिएको छ।

- खेलकुद मार्फत खेल प्रतिभा विकास गर्न राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप खेलकुद एवम् खेल सामाग्री सहयोग कार्यक्रम समेतका लागि रु. ३६ लाख विनियोजन गरेको छु।

**<u>खानेपानी तथा सरसफाइ</u>**

- लिफ्ट खानेपानी कार्यक्रमका लागि विद्युत महशुलमा ७० प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिन १८ लाख ८० हजार ९ सय ७८ रुपैयाँ रकम विनियोजन गरेको छु।
- फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गराउने, स्रोतमै फोहोरमैला वर्गीकरण गर्ने लगायतका कार्यका लागि २६ लाख रुपैयाँ विनियोजन गरेको छु।
- संघ सरकार तथा प्रदेश सरकारहरुबाट प्राप्त बजेट तथा नगरपालिकाको स्रोत तथा दातृ निकाय संगको साझेदारीबाट खानेपानीको व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u>**

- सामाजिक विभेदको कारण आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, लिंग ,समुदाय लगायत लक्षित वर्गलाइ मूलप्रवाहीकरण गर्न समतामूलक कार्यक्रमहरु संचालन गरिनेछ। नीलकण्ठ नगरपालिका हाम्रो नगरपालिका भन्ने भावना जगाइ मूलधारमा समावेश गर्नुपर्ने वर्गको उत्थानका लागि नगर तथा वडा तहबाट संचालन हुने गरी कार्यक्रम संचालनका लागि यथोचित विनियोजन गरेको छु।
- "ज्येष्ठ नागरिक सिकाई अनुभव तथा सीप हस्तान्तरण" कार्यक्रम र बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु।

- महिलाहरुको उद्यमशीलता एवम् आयआर्जन, सिप विकास तथा नेतृत्व विकासमा जोड दिइनेछ। यसका लागि सबै वडामा साझेदारीमा महिलाका लागि महिला जनप्रतिनिधि कार्यक्रम संचालनका लागि १४ लाख रुपैया विनयोजन गरेको छु।
- नगरपालिकाको दलितलक्षित रणनीतिक योजना अनुसार दलित समुदायको सर्वाङ्गिण विकास, उत्थान कार्यक्रमका लागि रु. २५ लाख विनियोजन गरेको छु।
- वालमैत्री स्थानीय तह घोषणाको लागि आवश्यक सूचक पुरा गर्ने कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- विद्यालय तहका बालबालिकाको प्रजनन स्वास्थ्य विशेषगरी बालबालिका हरुलाई महिनावारी हुँदा विद्यालय छाड्नुपर्ने जस्ता कारण शैक्षिक रुपमा पछाडी परिरहेको अवस्था निराकरणका लागि आवश्यक बजेट प्रस्तुत गरेको छु बालबालिकालाई विपद् तथा हिंसाबाट जोगाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ। जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विपन्न नागरिकको मृत्युसंस्कारमा सहायता कार्यक्रमलाई निरन्तरता दिएको छु।

## पूर्वाधार विकास

- जनताको जिवन स्तरसंग प्रत्यक्ष सम्बन्ध राख्ने तथा विकास निर्माणको आधारशिलाको रुपमा रहेको सडक पूर्वाधारको विकासमा जोड दिदै वडा कार्यालयहरु सम्म कालोपत्रे सडक पुर्याउने प्रमुख लक्ष्य अन्तरगत संघ तथा प्रदेश सरकार एवम् अन्य साझेदार निकाय संग समपुरक लागतमा कार्य सम्पन गर्ने गरी रु ३ करोड ५० लाख तथा साझेदारी कोष अन्तरगत रु २ करोड गरी ५ करोड ५० लाख रकम विनियोजन गरेको छु।
- वर्षायाममा सडक तथा सार्वजनिकस्थल संरक्षणको लागि ३ महिना नबढने गरी हरेक वडामा बढीमा ३ जना सडक हेरालुको लागि रु २० लाख विनियोजन गरेको छु।
- वर्षा समाप्त भएपश्चात सम्पूर्ण सडकहरूको नियमित मर्मत सम्भार साथै अन्य सार्वजनिक निर्माण को मर्मत सम्भार गर्ने व्यवस्थाका लागि मर्मतसंभार कोष खडा गरेको छु। सो कोषमा रु ५० लाख विनियोजन गरेको छु।

- नगरपालिकाको सौन्दर्य सम्पूर्ण जिल्लाको नै सौन्दर्य रहेको  कारण जिल्लाको चिनारी बृद्धि गर्नको लागि सदरमुकाम क्षेत्रको थोपल खोलाको किनारमा करिडोर निर्माणका लागि रु ८० लाख विनियोजन गरेको छु।नगर गौरव योजनामा रहेको नगर चक्रपथ निर्माण स्तरोन्नती तथा सुदृढीकरण कार्यक्रमका लागि क्रमागत योजनाको रुपमा आगामी आ. व. का लागि रु ८० लाख विनियोजन गरेको छु।
- नगर कार्यपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र एकीकृत गर्न प्रशासनिक भवन निर्माण निरन्तरताको लागि रु. ३ करोड विनियोजन गरेको छु।
- दलित छात्रावासको लागि रु. १० लाख विनियोजन गरेको छु।
- समग्रमा यस आर्थिक वर्षमा पूर्वाधार विकास तर्फ २९ करोड २० लाख विनियोजन गरेको छु।

**<u>वन वातावरण तथा विपद व्यवस्थापन</u>**

- सर्वसाधारणमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। सामूदायिक वन उपभोक्ता समितिको सहभागीतामा वृक्षारोपण, हरियाली सडक अभियान, वन सम्पदाको संरक्षणात्मक कार्यमा सञ्चालन गरिने छ।
- वडा स्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ।हरेक वडामा स्थानीय स्वयंसेवी समूह, नेपाल रेडक्रस सोसाइटी, धादिङ सोसियल भोल्युन्टियर लगायतका विभिन्न संघसंस्थाहरुसँग सहकार्यलाइ समन्वयात्मक बनाइनेछ।
- वन्यजन्तुबाट बाली सुरक्षित राख्ने सचेतना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- वातावरणमैत्री स्थानीय तह घोषणाको लागि सूचक पुरागर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- वातावरण वन सरसफाई र विपद् क्षेत्रको लागि १ करोड ५० लाख विनियोजन गरेको छु।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

- जनताको प्रत्यक्ष सरोकारसंग सम्वन्ध राख्नेसेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक विनियोजन गरेको छु। यस्तै गरी कार्य सम्पादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित कार्यक्रमहरु संचालन गरिनेछ।
- सवै वडामा एकिकृत घुम्ती शिविर कार्यक्रम सञ्चालनका लागि रु. १२ लाख विनियोजन गरेको छु।
- उपभोक्ता समितिबाट संचालन हुने योजना तथा कार्यक्रमलाइ सहजिकरण गर्न उपभोक्ता अभिमुखिकरण कार्यक्रम, कार्य सम्पन्न पश्चात योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षण गर्ने ब्यवस्था मिलाएको छ।
- स्थानीय तहमा लामो समय सेवा गरेका कर्मचारीलाई मनोबल अभिवृद्धि गर्न वृत्ति विकास सम्बन्धी कार्यविधि बनाई लागू गरिनेछ।कर्मचारीहरूको मनोबल उच्च बनाउन स्पष्ट मापनयोग्य सुचक सहितको कार्यसम्पादनमा आधारित रही अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ। आन्तरिक लेखापरीक्षण लाई प्रभावकारी बनाई बेरुजु न्यूनीकरण तथा बेरुजु फर्छ्यौट कार्यलाई प्रभावकारी बनाइनेछ।
- ब्यावसाय कर बाट उठेको राजश्वको १० प्रतिशत रकम करदाताको क्षमता विकास तथा सामाजिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु। साथै छिटो कार्यसम्पादन गर्ने वडाको लागि रु.१० लाख प्रोत्साहन रकम र राजश्व संकलनको आधारमा १० प्रतिशत रकम सम्बन्धित वडाको योजनामा विकास निर्माण तथा कार्यक्रममा खर्च गर्नका लागि रु. २० लाख रकम विनियोजन गरेको छु।
- सञ्चारकर्मीको क्षमता अभिवृद्धि लगायतका प्रवद्धनात्मक कार्यका लागि रु. १५ लाख विनियोजन गरेको छु।

## न्यायिक समिति

- प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै न्यायिक समितिवाट प्रदान गरिने सेवामा सवै नगरवासीको सरल र सहज पहुँच सुनिश्चित गर्न रु. १५ लाख विनियोजन गरिएको छ।

## अन्तमा

चालू आर्थिक वर्ष ०७९/०८० मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन गर्न सकिएन। चालू आर्थिक वर्षमा कर तिर्न अनिवार्य र स्वस्फुर्त कर तिर्न आउने वातावरण सृजना गर्ने कुरामा विशेष ध्यान दिइने छ। चालू आ.व.मा तोकिएको करका दायरामा आगामी आ.व.को लागि सामान्य फेर वदलको प्रस्ताव गरेको छु। विगतमा कर छुट दिइदै आएका अपाङ्गता र विपदको सिफारिस तथा सर्ने कडा रोगको स्वास्थ्य उपचार सिफारिसमा दिइएको छुट आगामी वर्षमा पनि निरन्तरता दिईने छ। यसमा एकल महिला र विपन्नताको सिफारिस, योजना तथा कार्यक्रम माग सिफारिस, सामाजिक सूरक्षा भत्तासंग सम्बन्धित सिफारिसमा पनि छुट दिने प्रस्ताव गरेको छु। नगरको सम्रग विकास नगरवासीहरुको प्रयासवाट मात्र सम्भव रहने भएकोले प्रस्तावित कर समयमै असुल हुने अपेक्षा राखेको छु।

## सभा अध्यक्षज्यू, नगर सभा सदस्यज्यूहरु,

आजको यस गरीमामय नगर सभामा प्रस्तुत गरिएको नीति र्कायक्रम तथा विनियोजित वजेटबाट नीलकण्ठ नगरपालिकाको भौतिक पूर्वाधार आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु।

बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार तथा प्रदेश सरकार, अमुल्य सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक, संघ संस्था, सञ्चार जगत लगायत आम नीलकण्ठ नगरवासी दिदीबहिनी दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्न

चाहन्छु। बजेट तर्जुमाको क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत यथावत रुपमा रहिरहने मेरो अपेक्षा छ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम र वजेट र सो संग सम्वन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक रुपमा छलफल गरी पारित गराई प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग हुनेछ भन्ने विश्वासका साथ स्वकृतिका लागि नगरसभा सदस्यज्यूहरुमा प्रस्तुत गरेको छु।

जय नीलकण्ठ! धन्यवाद!

प्रस्तुतकर्ता

दिपक विश्वकर्मा

नगर उप-प्रमुख

नीलकण्ठ नगरपालिका, धादिङ।

इति सम्वत् २०८० साल असार महिना ०७ गते ५ रोज शुभम्...............................!

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेसी, धादिङ

बागमती प्रदेश,नेपाल

## विनियोजन ऐन,२०८०

सभावाट स्वीकृत भएको मिति : २०८० असार ०७ गते

**प्रस्तावना:** नीलकण्ठ नगरपालिका, धादिङको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि संचित कोषवाट रकम खर्च गर्न अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम नीलकण्ठ नगरपालिका, नगर सभाले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नीलकण्ठ नगरपालिका, विनियोजन ऐन-२०८०" रहेको छ।

(२) यो ऐन मिति २०८० श्रावण १ गतेवाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,१८,९७,०७,४७७.६६/-(अक्षेरुपी रुपैंया एक अरब अठार करोड सन्तानब्बे लाख सात हजार चार सय सतहत्तर रुपैंया छैसठ्ठी पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निम्ति नीलकण्ठ नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ। राजश्व तथा अनुदान प्राप्तिको अनुमान, व्ययको प्रक्षेपण, क्षेत्रगत व्ययको प्रक्षेपण तथा स्रोत मिलानको व्यवस्था अनुसूची २ देखी ५ सम्म प्रस्तुत गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका कार्यालय वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये

योजना तथा कार्यक्रम विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने वा थप आकस्मिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा, नगरकार्यपालिका तथा वडास्तरबाट निर्दिष्ट योजना तथा कार्यक्रम नतोकि राखिएको बजेटबाट योजना तथा कार्यक्रमको निर्धारण एवम् अन्तर शीर्षक रकमान्तर तथा शीर्षक परिवर्तन एवम् संशोधन गर्नुपर्ने भएमा नगरप्रमुखको निर्णय अनुसार कार्यक्रम सञ्चालन गरी निकासा तथा खर्च जनाउन सकिनेछ। पूजिंगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची १

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

## आय तथा व्ययको प्रक्षेपण

आ.व. : २०८०/८१

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आय | ९५,०२,५२,२६०.१७ | १,१४,८७,६८,०००.०० | १,०८,९२,०७,४७७.६६ |
| राजस्व | २४,७६,०३,९४३.१७ | २९,४४,६२,०००.०० | २८,६८,९०,४७७.६६ |
| आन्तरिक श्रोत | २,४७,३६,३४१.९२ | ६,०५,००,०००.०० | ६,००,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | १८,०२,००५.०० | ३०,००,०००.०० | ४०,००,०००.०० |
| ११३२१ घरवहाल कर | १३,२७,८१६.१२ | ७०,००,०००.०० | ७०,००,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ४५,०००.०० | २,००,०००.०० | २,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | | ३,००,०००.०० | ३,००,०००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ८,२५,२५०.०० | १५,००,०००.०० | १५,००,०००.०० |
| ११६९१ अन्य कर | ११,२२,५५३.०० | १,०५,००,०००.०० | १,०५,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २,४९,०००.०० | | |
| १४२४२ नक्सापास दस्तुर | ६५,२३,५१२.०० | १,००,००,०००.०० | १,००,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ९९,२३,१८३.०० | १,५०,००,०००.०० | १,५०,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६,५८,०००.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ७,५९,३७०.०० | २०,००,०००.०० | २०,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | ६०,००,०००.०० | ६०,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २,५१,६५५.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | २२,२८,६७,६०१.२५ | २३,३९,६२,०००.०० | २२,६८,९०,४७७.६६ |

| | | | |
|---|---|---|---|
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३,८०,६६,८१२.०० | | |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ३,००,००,०००.०० | २,००,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९,७२,४३,२५६.८१ | १४,३२,७८,०००.०० | १४,०३,९४,०००.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३,१४,९४,०८१.३३ | | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५,५४,४१,५१३.१० | ६,०६,८४,०००.०० | ६,६४,९६,४७७.६६ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ७,५८९.०६ | | |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २०,१९७.०९ | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५,९४,१५१.८६ | | |
| अन्य आय | १२,४८,९९७.८० | ३०,००,०००.०० | १५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १२,४८,९९७.८० | ३०,००,०००.०० | १५,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ७०,२६,४८,३१७.०० | ८५,४३,०६,०००.०० | ८०,२३,१७,०००.०० |
| संघीय सरकार | ६२,१९,२२,३८९.०० | ७३,९४,४१,०००.०० | ७०,११,००,०००.०० |
| १३३११ समानिकरण अनुदान | २३,५९,००,०००.०० | २४,८८,००,०००.०० | २१,२१,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३७,४६,७४,८१७.०० | ४५,२१,४१,०००.०० | ४५,०४,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,१३,४७,५७२.०० | ९५,००,०००.०० | १,३१,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,२०,००,०००.०० | २,०५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | १,७०,००,०००.०० | ५०,००,०००.०० |
| प्रदेश सरकार | ८,०७,२५,९२८.०० | ११,४८,६५,०००.०० | १०,१२,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,१४,४९,०००.०० | २,५७,५९,०००.०० | २,४२,१५,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २,४९,३५,१६९.०० | ५,१७,३४,०००.०० | ३,७०,०२,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ४३,४१,७५९.०० | ७५,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुँजीगत | | ०.०० | १,००,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | ३,००,००,०००.०० | २,९८,७२,०००.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ०.०० | ३,००,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| व्यय | ८४,८५,४२,३५६.७० | १,५२,०५,०४,२५५.०० | १,१८,९७,०७,४७७.६६ |
| चालु | ५८,०२,९५,७७७.४७ | ८९,३२,००,९९१.०० | ८२,५७,०७,१७७.५२ |
| २१११ पारिश्रमिक कर्मचारी | ३३,७२,६०,८४०.०० | ३४,००,४१,०००.०० | ३०,५७,६७,१००.०० |
| २११२ पारिश्रमिक पदाधिकारी | १,०४,४२,७९९.०० | १,२०,००,०००.०० | ०.०० |
| २११२१ पोशाक | ९,८०,०००.०० | १२,३०,०००.०० | १२,३०,०००.०० |
| २११२२ खाद्यान्न | ०.०० | ०.०० | १,४५,७४,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ०.०० | ०.०० | २०,००,०००.०० |
| २११३१ स्थानीय भत्ता | ३,९८,९९०.०० | ९,२६,०००.०० | ७,००,०००.०० |
| २११३२ महंगी भत्ता | ५५,७३,०००.०० | १२,००,०००.०० | १२,००,०००.०० |
| २११३३ फिल्ड भत्ता | ११,१९,२५४.०० | १५,००,०००.०० | १५,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २१,४४,५६०.०० | ३६,००,०००.०० | २०,००,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,०२,६००.०० | ३,००,०००.०० | ५,००,०००.०० |
| २११३६ वैदेशिक भत्ता | ०.०० | २,००,०००.०० | ०.०० |
| २११३९ अन्य भत्ता | ३९,१५,८३९.०० | १,११,३९,०००.०० | ९४,०४,९००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६४,१०,०००.०० | ४८,२८,०००.०० | ७७,३२,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ३,५१,४३०.०० | ७,००,०००.०० | १,३२,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ४१,९९,०५०.०० | ४०,००,०००.०० | ४०,००,०००.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ०.०० | ५१,९२,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| २२१११ पानी तथा बिजुली | ७,८२,८८४.०० | १५,७२,०००.०० | १२,८०,०००.०० |
| २२११२ संचार महसुल | ६,२३,८११.०० | १६,७९,०००.०० | १५,१०,०००.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | १५,३०,७२८.०० | १०,००,०००.०० | ०.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १५,२१,०००.०० | १५,००,०००.०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २०,६३,६२०.०० | ४३,५२,०००.०० | ४२,६०,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २७,८६,७९२.०० | ३५,८०,०००.०० | ३२,१०,०००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ८,१३,७८९.०० | २९,३०,०००.०० | १०,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९,४६,४१८.०० | १०,५०,०००.०० | ७३,८०,०००.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १६,७९,७२६.०० | २,२६,९९,०००.०० | ४०,००,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ०.०० | १०,००,०००.०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५६,७९,१७१.०० | ३०,००,०००.०० | १,००,९५,०००.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ७१,६७,९६६.०० | १२,६३,०००.०० | १३,००,०००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १२,००,०००.०० | २०,००,०००.०० | २५,२०,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४१,०४,१९५.०० | ७६,४०,०००.०० | ५३,२०,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ५०,०३,४७६.०० | १८,६०,०००.०० | २४,७८,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | २,००,७१२.०० | ४०,००,०००.०० | ४०,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७,००,०००.०० | ७,००,०००.०० | ६०,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,७०,००,०००.०० | २,२१,००,०००.०० | २,६०,००,०००.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | २०,९४,८३५.०० | ३,००,०००.०० | ३,००,०००.०० |

| | | | |
|---|---|---|---|
| २२४१९ अन्य सेवा शुल्क | ७,५१,६३७.०० | ०.०० | २०,८०,९७८.०० |
| २२५११ कर्मचारी तालिम खर्च | १०,४२,२८८.०० | ४८,३७,०००.०० | ४०,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,९३,०००.०० | ०.०० | १३,५०,०००.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ०.०० | ०.०० | १५,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ८,६४,८०,८८३.४७ | ३२,७९,०७,३९१.०० | ११,०८,२९,१९९.५२ |
| २२५२९ विविध कार्यक्रम खर्च | २४,९९,२३४.०० | १,५२,००,०००.०० | ४७,४०,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ८,३०,२००.०० | २६,८३,०००.०० | २८,५०,०००.०० |
| २२६१२ भ्रमण खर्च | २९,२४,२१२.०० | ५९,२५,०००.०० | २८,१०,०००.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ०.०० | १५,००,०००.०० | ०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | १०,१६,७२७.०० | ७,२५,०००.०० | २०,०००.०० |
| २२७११ विविध खर्च | ३०,६६,७९३.०० | ६०,७०,०००.०० | २,०१,१०,०००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ९,९९,२९३.०० | २४,१०,०००.०० | १९,२०,०००.०० |
| २५१२२ वित्तीयसंस्थानहरूलाई पूँजीगत सहायता | ०.०० | १,००,०००.०० | ०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २,१९,२८,२००.०० | ०.०० | १०,००,०००.०० |
| २५३१५ अन्य सस्था सहायता | १७,४१,६२८.०० | ३०,००,०००.०० | ०.०० |
| २६३११ स्थानीय तह निःशर्त चालु अनुदान | ०.०० | ०.०० | ४०,०००.०० |
| २६३२२ स्थानीय तहलाइ सःशर्त पुँजीगत अनुदान | ०.०० | ८०,०४,०००.०० | १,०५,००,०००.०० |
| २६३३२ सशर्त अनुदान (चालु) | ०.०० | ०.०० | १९,७०,७६,०००.०० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ०.०० | ०.०० | १५,००,०००.०० |
| २७१११ सामाजिक सुरक्षा | ०.०० | २,००,०००.०० | ०.०० |
| २७२११ छात्रवृत्ति | ८,२२,०००.०० | १३,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ४७,३१,८७८.०० | १७,००,०००.०० | १५,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ७५,१४,२४६.०० | १,२३,४२,०००.०० | २४,२०,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ५१,७७,६५६.०० | ०.०० | ४०,००,०००.०० |
| २८१४१ जग्गाको भाडा | ०.०० | ४५,००,०००.०० | ४०,००,०००.०० |
| २८१४२ घरभाडा | ५,००,०००.०० | ७,००,०००.०० | ९,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ४,७२,५२५.०० | ७,००,०००.०० | १०,००,०००.०० |
| २८१४९ अन्य भाडा | ०.०० | १४,००,०००.०० | ४१,००,०००.०० |
| २८२१९ अन्य फिर्ता | ८५,०५,८९२.०० | २,०९,१६,६००.०० | १०,००,०००.०० |
| २८९११ भैपरी आउने चालु खर्च | ०.०० | ०.०० | ०.०० |
| पूंजीगत | २६,८२,४६,५७९.२३ | ६२,७३,०३,२६४.०० | ३६,४०,००,३००.१४ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ४४,६७,५७५.०० | १,५६,००,०००.०० | ६,१६,३०,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ९९,७५,७९५.०० | १,१३,००,०००.०० | १,६३,००,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५०,२४,७४७.०० | २३,००,०००.०० | १७,००,०००.०० |
| ३११२१ सवारी साधन | ६,८६,९००.०० | १५,००,०००.०० | ०.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,३७,६१,६६६.०० | २,०२,८७,०००.०० | १,००,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १७,९९,१४७.०० | २०,५०,०००.०० | १०,००,०००.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ०.०० | ६,००,०००.०० | ३,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ४८,४८,२८५.०० | ६३,३२,०००.०० | १३,००,०००.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ४२,९४,०५१.०० | १५,००,०००.०० | ६०,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ८,८२,३७,८०२.०० | २५,७६,३१,७६४.०० | १५,९०,४०,६३१.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १३,७३,५२७.०० | १६,५०,०००.०० | ८,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १४,४२,२१२.०० | १६,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| ३११५५ सिंचाई संरचना निर्माण | ४९,२४,८७१.०० | ४९,५०,०००.०० | २१,५०,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ३,४०,७३,६४६.०० | ७,१९,५४,०००.०० | १,४१,००,०००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ३,५१,८१३.२३ | ५,००,०००.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ८,५२,९६,२२७.०० | २२,४२,४८,५००.०० | ९,४५,७९,६६९.१४ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १८,००,०००.०० | ३२,००,०००.०० | ३५,००,०००.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ०.०० | ०.०० | १५,००,०००.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५८,८८,३१५.०० | १,००,०००.०० | ०.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ०.०० | ०.०० | ०.०० |
| बजेट बचत (+)/न्यून | १०,१७,०९,९०३.४७ | (३७,१७,३६,२५५.००) | (१०,०५,००,०००.००) |
| गत वर्षको नगद मौज्दात | | ३७,१७,३६,२५५.०० | १०,०५,००,०००.०० |

अनुसूची २

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धादिङ
कार्यालयको कोड : ८०३३०४०२३००

# राजश्व तथा अनुदान प्राप्तिको अनुदान

आ.व. : २०८०/८१

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आय | ९५,१३,७१,२४६.१७ | १,५२,०५,०४,२५५.०० | १,१८,९७,०७,४७७.६६ |
| राजस्व | २४,७६,०३,९४३.१७ | ६६,६१,९८,२५५.०० | ३८,७३,९०,४७७.६६ |
| आन्तरिक श्रोत | २,४७,३६,३४१.९२ | ४३,२२,३६,२५५.०० | १६,०५,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | १८,०२,००५.०० | ३०,००,०००.०० | ४०,००,०००.०० |
| ११३२१ घरवहाल कर | १३,२७,८१६.१२ | ७०,००,०००.०० | ७०,००,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ४५,०००.०० | २,००,०००.०० | २,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | | ३,००,०००.०० | ३,००,०००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ८,२५,२५०.०० | १५,००,०००.०० | १५,००,०००.०० |
| ११६९१ अन्य कर | ११,२२,५५३.०० | १,०५,००,०००.०० | १,०५,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २,४९,०००.०० | | |
| १४२४२ नक्सापास दस्तुर | ६५,२३,५१२.०० | १,००,००,०००.०० | १,००,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ९९,२३,१८३.०० | १,५०,००,०००.०० | १,५०,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६,५८,०००.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ७,५९,३७०.०० | २०,००,०००.०० | २०,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | ६०,००,०००.०० | ६०,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २,५१,६५५.०० | १०,००,०००.०० | १०,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | | ३७,१७,३६,२५५.०० | १०,०५,००,०००.०० |

| | | | |
|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | २२,२८,६७,६०१.२५ | २३,३९,६२,०००.०० | २२,६८,९०,४७७.६६ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३,८०,६६,८१२.०० | | |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ३,००,००,०००.०० | २,००,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९,७२,४३,२५६.८१ | १४,३२,७८,०००.०० | १४,०३,९४,०००.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३,१४,९४,०८१.३३ | | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५,५४,४१,५१३.१० | ६,०६,८४,०००.०० | ६,६४,९६,४७७.६६ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ७,५८९.०६ | | |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २०,१९७.०९ | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५,९४,१५१.८६ | | |
| अन्य आय | १२,४८,९९७.८० | ३०,००,०००.०० | १५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १२,४८,९९७.८० | ३०,००,०००.०० | १५,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ७०,२६,४८,३१७.०० | ८५,४३,०६,०००.०० | ८०,२३,१७,०००.०० |
| संघीय सरकार | ६२,१९,२२,३८९.०० | ७३,९४,४१,०००.०० | ७०,११,००,०००.०० |
| १३३११ समानिकरण अनुदान | २३,५९,००,०००.०० | २४,८८,००,०००.०० | २१,२१,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३७,४६,७४,८१७.०० | ४५,२१,४१,०००.०० | ४५,०४,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,१३,४७,५७२.०० | ९५,००,०००.०० | १,३१,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,२०,००,०००.०० | २,०५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | १,७०,००,०००.०० | ५०,००,०००.०० |
| प्रदेश सरकार | ८,०७,२५,९२८.०० | ११,४८,६५,०००.०० | १०,१२,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,१४,४९,०००.०० | २,५७,५९,०००.०० | २,४२,१५,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २,४९,३५,१६९.०० | ५,१७,३४,०००.०० | ३,७०,०२,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ४३,४१,७५९.०० | ७५,००,०००.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुँजीगत | | ०.०० | १,००,००,०००.०० |
| १३३१६ समपुरक अनुदान चालु | ३,००,००,०००.०० | २,९८,७२,०००.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ०.०० | ३,००,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

अनुसूची ३

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

## व्ययको प्रक्षेपण

आ.व. : २०८०/८१

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार |
| व्यय | ८४,८५,४२,३५६.७० | १,५२,०५,०४,२५५.०० | १,१८,९७,०७,४७७.६६ | ३८,७३,९०,४७७.६६ | ७०,११,००,०००.०० | १०,१२,१७,०००.०० |
| चालु | ५८,०२,९५,७७७.४७ | ८९,३२,००,९९१.०० | ८२,५७,०७,१७७.५२ | २५,७०,५०,१७७.५२ | ५०,८०,४०,०००.०० | ६,०६,१७,०००.०० |
| २०००० खर्च | ५८,०२,९५,७७७.४७ | ८९,३२,००,९९१.०० | ८२,५७,०७,१७७.५२ | २५,७०,५०,१७७.५२ | ५०,८०,४०,०००.०० | ६,०६,१७,०००.०० |
| पूंजीगत | २६,८२,४६,५७९.२३ | ६२,७३,०३,२६४.०० | ३६,४०,००,३००.१४ | १३,०३,४०,३००.१४ | १९,३०,६०,०००.०० | ४,०६,००,०००.०० |
| ३०००० सम्पत्ती तथा दायित्व | २६,८२,४६,५७९.२३ | ६२,७३,०३,२६४.०० | ३६,४०,००,३००.१४ | १३,०३,४०,३००.१४ | १९,३०,६०,०००.०० | ४,०६,००,०००.०० |

अनुसूची ५

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

कार्यालयको कोड : ८०३३०४०२३००

## क्षेत्रगत व्यय अनुमान

आ.व. : २०८०/८१

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | | अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| | | | | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| १ | २ | आर्थिक विकास | १५,९३,७३,०७१.०० | ३५,४३,०७१.०० | १३,०९,१५,०००.०० | २,४९,१५,०००.०० |
| १ | २०१ | कृषि | १३,७१,६५,०००.०० | ०.०० | १२,४६,६५,०००.०० | १,२५,००,०००.०० |
| २ | २०२ | उद्योग | १३,००,०००.०० | ०.०० | १३,००,०००.०० | ०.०० |
| ३ | २०३ | पर्यटन | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० | ०.०० |
| ४ | २०४ | सहकारी | ४,४०,४२१.०० | ४,४०,४२१.०० | ०.०० | ०.०० |
| ५ | २०६ | जलश्रोत तथा सिंचाई | ६९,५०,०००.०० | ५,००,०००.०० | १९,५०,०००.०० | ४५,००,०००.०० |
| ६ | २०८ | पशुपन्छी विकास | १,०५,००,०००.०० | २५,८५,०००.०० | ०.०० | ७९,१५,०००.०० |
| ७ | २१० | वाणिज्य | १७,६५०.०० | १७,६५०.०० | ०.०० | ०.०० |
| २ | ७ | सामाजिक विकास | ४६,२०,५१,९७८.०० | ५,०४,४६,०७८.०० | ३९,३७,०३,९००.०० | १,७९,०२,०००.०० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | १,४५,४२,०००.०० | १०,००,०००.०० | १,३३,५०,०००.०० | १,९२,०००.०० |
| २ | ७०३ | युवा तथा खेलकुद | ६४,००,०००.०० | १५,००,०००.०० | ४९,००,०००.०० | ०.०० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | १,६४,००,०००.०० | १,०१,००,०००.०० | ६२,००,०००.०० | १,००,०००.०० |
| ४ | ७०६ | शिक्षा | ३४,११,५३,०००.०० | ३,३८,६५,१००.०० | २९,८६,०३,९००.०० | ८६,८४,०००.०० |
| ५ | ७०७ | स्वास्थ्य | ७,२४,४६,०००.०० | २,२०,०००.०० | ६,९२,५०,०००.०० | २९,७६,०००.०० |
| ६ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,११,१०,९७८.०० | ३७,६०,९७८.०० | १४,००,०००.०० | ५९,५०,०००.०० |
| ३ | ३ | पूर्वाधार विकास | ३२,०१,५६,३००.१४ | ११,४८,४६,३००.१४ | १५,४३,१०,०००.०० | ५,१०,००,०००.०० |
| १ | ३०१ | यातयात पूर्वाधार | १८,९६,५८,०५२.०० | ३,४७,९८,०५२.०० | ११,६३,६०,०००.०० | ३,८५,००,०००.०० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ११,५१,२१,२४८.१४ | ७,०८,२१,२४८.१४ | ३,४३,००,०००.०० | १,००,००,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३०३ | उर्जा | ३५,००,०००.०० | ०.०० | ३५,००,०००.०० | ०.०० |
| ४ | ३०४ | संचार तथा सूचना प्रबिधि | ६०,००,०००.०० | ६०,००,०००.०० | ०.०० | ०.०० |
| ५ | ३०६ | पुनर्निर्माण | ५७,२७,०००.०० | ३२,२७,०००.०० | ०.०० | २५,००,०००.०० |
| ६ | ३०७ | सम्पदा पूर्वाधार | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० | ०.०० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,८५,५०,०००.०० | २,५१,००,०००.०० | १,६२,५०,०००.०० | ७२,००,०००.०० |
| १ | ४०३ | प्रशासकीय सुशासन | १,७१,५०,०००.०० | ३७,००,०००.०० | ७७,५०,०००.०० | ५७,००,०००.०० |
| २ | ४०५ | कानुन तथा न्याय | १५,००,०००.०० | १५,००,०००.०० | ०.०० | ०.०० |
| ३ | ४०९ | श्रम तथा रोजगारी | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| ४ | ४१० | गरिबी निवारण | ७५,००,०००.०० | ०.०० | ७५,००,०००.०० | ०.०० |
| ५ | ४१४ | तथ्यांक प्रणाली | ९,००,०००.०० | ०.०० | ९,००,०००.०० | ०.०० |
| ६ | ४१५ | वातावरण तथा जलवायु | १७,००,०००.०० | १६,००,०००.०० | १,००,०००.०० | ०.०० |
| ७ | ४१६ | मानब संशाधन विकास | १५,००,०००.०० | १५,००,०००.०० | ०.०० | ०.०० |
| ८ | ४१७ | विपद व्यवस्थापन | १,६८,००,०००.०० | १,६८,००,०००.०० | ०.०० | ०.०० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९,९५,७६,१२८.५२ | १९,३४,५५,०२८.५२ | ५९,२१,१००.०० | २,००,०००.०० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९,९५,७६,१२८.५२ | १९,३४,५५,०२८.५२ | ५९,२१,१००.०० | २,००,०००.०० |
| | | कुल जम्मा | १,१८,९७,०७,४७७.६६ | ३८,७३,९०,४७७.६६ | ७०,११,००,०००.०० | १०,१२,१७,०००.०० |

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेसी, धादिङ

बागमती प्रदेश,नेपाल

## दोस्रो नगर सभा तेस्रो अधिवेशनका निर्णयहरु

मितिः २०८० आषाढ ७ गते

१. दोस्रो नगर सभाको तेस्रो अधिवेशनमा सभाका अध्यक्ष एवम् नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूले सभामा प्रस्तुत गर्नु भएको यस नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम उपर बुँदागत रुपमा छलफल गरी नगर सभा सदस्यज्यूहरुले राखेका सुझावहरु एवम् सभामा उठाउनु भएका प्रश्नहरु, जिज्ञासाहरुलाई सभाध्यक्षवाट उचित सम्वोधन भै सभावाट आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो।

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्माज्यूले नगर सभामा प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को वजेट तथा कार्यक्रम, विनियोजन विधेयक, २०८० र आर्थिक विधेयक, २०८० उपर दफावार छलफल गरी सभावाट पारित गर्ने निर्णय गरियो।

३. नीलकण्ठ नगरपालिकाको आ.व. २०७९/०८० को संशोधित आय व्यय र आ.व. २०८०/०८१ का लागि प्रस्तावित आय तर्फ निम्नानुसारको श्रोत अनुमान नगर सभामा पेश भएकोमा सर्वसम्मतवाट स्वीकृत गर्ने निर्णय गरियो।

# तपसिल

## क) आ.व. २०७९/०८० को संशोधित आय व्यय विवरण

चालु आ.व. २०७९/०८० को मिति २०८०/०३/०६ गते सम्मको वजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

| बजेट | | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८९,०६,३०,९९१/- (उनान्नब्बे करोड छ लाख तिस हजार नौ सय एकानब्बे रुपैया) | ५९,९२,३८,३८५.६०/- (उनान्साठी करोड बयानब्बे लाख अट्तिस हजार तिन सय पचासी रुपैंया र साठी पैसा मात्र) | ६७.२८ प्रतिशत |
| पुँजिगत | ६२,७१,०३,२६४/- (बैसठ्ठी करोड एकहत्तर लाख तिन हजार दुई सय चौसठ्ठी रुपैया) | २९,१०,२७,०३०.०१/- (उनान्तिस करोड दश लाख सत्ताइस हजार तिस रुपंया र एक पैसा मात्र) | ४६.४ प्रतिशत |
| कुल जम्मा | १,५१,७७,३४,२५५/- (एक अरब एकाउन्न करोड सत्तहत्तर लाख चौतिस हजार दुइ सय पचपन्न रुपैया) | ८९,०२,६५,४१५.६१/- (उनान्नब्बे करोड दुइ लाख पैसठ्ठी हजार चार सय पन्ध्र रुपैया र एकसठ्ठी पैसा मात्र) | ५८.६५ प्रतिशत |

**चालु आ.व. २०७९/०८० को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ।**

| विवरण | ०७९/०८० को कूल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति (%) |
|---|---|---|---|
| आन्तरिक आय | ६,००,००,०००/- (छ करोड रुपैंया) | २,४८,८९,४७६.६१ (२करोड अठचालिस लाख उनानब्बे हजार चार सय छयहत्तर रुपैया र एकसठ्ठी पैसा मात्र) | ४१.४८ प्रतिशत |
| राजश्व बाँडफाँड संघ | १४,३२,७८,०००/- (चौध करोड बत्तिस लाख अठहत्तर हजार रुपैंया) | ९,२२,१६,३९९.९८/- (नौ करोड बाइस लाख सोह हजार तिन सय उनान्सय रुपैंया र अन्ठानब्बे पैसा) | ६४.३६ प्रतिशत |
| राजश्व बाँडफाँड प्रदेश | ६,०६,८४,०००/- (छ करोड छ लाख चौरासी हजार रुपैंया) | ४,९९,८४,८४४.४३/- (चार करोड उनान्सय लाख चौबिस हजार आठ सय चौवालिस रुपैंया र त्रिचालिस पैसा) | ८२.२७ प्रतिशत |
| राजश्व बाँडफाँड मालपोत | ३,००,००,०००/- (तिन करोड रुपैंया) | १,०१,२७,०५४/- (एक करोड एक लाख सत्ताइस हजार चौवन्न रुपैंया) | ३३.७५ प्रतिशत |

ख) आ.व. २०८०/०८१ का लागि गरिएको श्रोत अनुमानको विवरण

| **अनुदान** | **बजेट** | **अक्षरुपी** |
|---|---|---|
| संघ समानिकरण अनुदान | २१,२१,००,०००/- | एकाइस करोड एकाइस लाख रुपैंया मात्र |
| संघ सशर्त अनुदान | ४६,३५,००,०००/- | छयालिस करोड पैतिस लाख रुपैंया मात्र |
| संघ विशेष अनुदान | २,०५,००,०००/- | दुई करोड पाचँ लाख रुपैंया मात्र |
| संघ समपुरक अनुदान | ५०,००,०००/- | पचास लाख रुपैंया मात्र |
| संघ राजश्व बाँडफाँड | १४,०३,९४,०००/- | चौध करोड तिन लाख चौह्रनब्बे हजार रुपैंया मात्र |
| प्रदेश समानिकरण अनुदान | २,४२,१५,०००/- | दुई करोड बयालिस लाख पन्ध्र हजार रुपैंया मात्र |
| प्रदेश सशर्त अनुदान | ३,७०,०२,०००/- | तिन करोड सत्तरी लाख दुई हजार रुपैंया मात्र |
| प्रदेश समपुरक अनुदान | ३,००,००,०००/- | तिन करोड रुपैंया मात्र |
| प्रदेश विशेष अनुदान | १,००,००,०००/- | एक करोड रुपैंया मात्र |
| प्रदेश राजश्व बाँडफाँड | ६,६४,९६,४७७.६६/- | छ करोड चौसठ्ठी लाख छयानब्बे हजार चार सय सत्तहत्तर रुपैंया र छैसठ्ठी पैसा मात्र |
| आन्तरिक राजश्व | ६,००,००,०००/- | छ करोड रुपैंया मात्र |
| मालपोत | २,००,००,०००/- | दुई करोड रुपैंया मात्र |
| अल्या रकम | २,५५,००,०००/- | दुइ करोड पचपन्न लाख रुपैंया मात्र |
| क्रमागत योजना तर्फको अल्या रकम | ७,५०,००,०००/- | सात करोड पचास लाख रुपैंया मात्र |
| **कुल जम्मा** | **१,१८,९७,०७,४७७.६६।-** | **एक अरब अठार करोड सन्तानब्बे लाख सात हजार चार सय सतहत्तर रुपैंया र छयसट्ठी मात्र** |

४.नीलकण्ठ नगरपालिकाको आ.व. २०८०/०८१ को वजेट तथा क्षेत्रगत बाँडफाँड सहित चालु कार्यक्रम तर्फ रु ८२ करोड ५७ लाख ०७ हजार १ सय ७७ रुपैया ५२ पैसा तथा पूंजिगत तर्फ रु ३६ करोड ४० लाख ३ सय १४ पैसा गरी कुल जम्मा रु १ अरव १८ करोड ९७ लाख ०७ हजार ४ सय ७७ रुपैया ६६ पैसा आ.व. २०८०/०८१ को लागि वजेट पारित गर्ने निर्णय गर्ने निर्णय गरियो।

५. नीलकण्ठ नगरपालिकावाट चालु आ.व. २०७९/०८० को वजेट तथा कार्यक्रम, संशोधित अनुमान अनुसार नगर कार्यपालिकाको कार्यालयवाट सम्पादन भएका कार्यहरु तथा आय-व्यय, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत स्तरको निर्णयवाट निर्णय भै कार्यसम्पादन गरिएका एवम् नगर कार्यपालिकावाट भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

६. आ.व. २०७७/२०७८ तथा २०७८/०७९ मा लेखा समितिको वैठकवाट नियमित गर्न सिफारिस गरिएको नियमित गर्नुपर्ने वेरुजुलाई नगर कार्यपालिका वैठकवाट स्वीकृत भै पेश भए वमोजिम यस दोस्रो नगर सभाको तेस्रो अधिवेशनवाट नियमित गर्ने एवम् लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएको वेरुजुहरुको फछ्यौट तर्फ आवश्यक कारवाही गरी सुझावहरुको कार्यान्वयन गर्न र अन्तिम लेखा परिक्षण प्रतिवेदनले औंल्याइएको वेरुजुहरुको सम्वन्धमा प्रमाण कागज र पुष्टायाँइ संलग्न गरी समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने निर्णय गरियो। साथै महालेखा परिक्षकको कार्यालयवाट आ.व.२०७७/०७८ तथा आ.व. २०७८/०७९ मा गरिएको लेखा परिक्षणको सन्दर्भमा लेखा समितिले अध्ययन गरी औचित्य पुष्टायाँइ गरी नगर कार्यपालिका मार्फत नगर सभामा सिफारिस सहित पेश भएका तपसिल वमोजिमका सिफारिसहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

नीलकण्ठ नगरपालिकाको आ.व.२०७८/०७९ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षण प्रतिवेदनको दफावार छलफल गर्दा देहाय वमोजिमका अध्यायन प्रतिवेदनहरुको औचित्यता पुष्टायाँई तथा अधिकांश अध्यायन प्रतिवेदन अनुसार वजेट व्यवस्थापन भएको देखिएकोले नगरकार्यपालिका मार्फत नगर सभामा पेस भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**क) <u>प्रतिवेदको दफा ३७ (१) विर्तविसि तल्लोवेसी झोलुङ्गेपुल डि. पि. आर. निर्माणका सम्वन्धमा.</u>**

नेपालको सबै जिल्लाहरुको सबै स्थानमा अझै सडक पुग्न सकेको छैन। प्राकृतिक बनौट तथा भौगोलिक धरातलले नीलकण्ठ नगरपालिकाको विभिन्न स्थानहरुमा यातायातको क्षेत्रमा

विद्यमान जटिलतलाई दर्शाउँदछ। पहाडका पैदल मार्गहरुमा पनि खोला, नदी आदिको सङ्ख्या धेरै भएको तर ती खोला एवम् नदीहरुमा पूल नभएकोले अधिकांश बस्ती ३-४ महिना सम्पर्क विहिन हुने अवस्था रहेको छ। सोही अनुरुप नेपाल सरकारले झोलङ्गे पूल कार्यक्रमलाई आवधिक योजनाहरुमा पहिलो प्राथमिकता कार्यक्रमको रुपमा राखेको छ। स्थानीय पूर्वाधार विकास नीति, २०६१ को ६.५.४ मा गैर सरकारी संस्था, सामुदायिक संघ संस्था एवम् उपभोक्ताहरुको समुह तथा नीजि क्षेत्रलाई स्थानीय पूर्वाधार विकासमा साझेदार निकायको रुपमा संलग्न गराउनु पर्नेछ भन्ने उल्लेख गरिएको छ। सोही अनुसार झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत विर्तबिसी तल्लोबेसी झोलुङ्गे पुल निर्माणको लागि डि.पि.आर तयार गरी पुल निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ। नीलकण्ठ नगरपालिकाको वडा नं. ७ र ८ जोड्नको लागी सो पुल निर्माण गर्नुपर्ने आवश्यकताको कारण प्रस्तुत DPR तयार गरिएको हो । यस योजनाको कार्यान्वयनले १०० औं घरधुरीलाई आवत जावतमा सहजता हुनेका साथै स्कुल पढ्ने वालवालिकालाई हिडडुल गर्न सहज हुने देखिएको छ। सोही अनुरुप आ.व २०७९/८० मा संघीय सरकारबाट बजेट व्यवस्थापन भई बजेट उपशीर्षक संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको बजेट शीर्षक सेरा चिसापानी विर्ताविशी तल्लोवेसी ससाह ज्यामिरे झो.पु लस्करे गुर्दुम झो.पु गल्छी गा.पा २ र नीलकण्ठ न.पा भौचर नं ५ बाट मिति २०७९/१२/०३ गते भुक्तानी भई कार्य सम्पन्न भएको हुँदा नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

**ख) प्रतिवेदनको दफा ३७ (२) सेरा चिसापानी झोलुङ्गे पुलका सम्वन्धमा,**

स्थानीय पूर्वाधार विकास नीति, २०६१ को ६.५.४ मा गैर सरकारी संस्था, सामुदायिक संघ संस्था एवम् उपभोक्ताहरुको समुह तथा नीजि क्षेत्रलाई स्थानीय पूर्वाधार विकासमा साझेदार निकायको रुपमा संलग्न गराउनु पर्नेछ भन्ने उल्लेख गरिएको छ। सोही अनुसार झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत सेरा चिसापानी झोलुङ्गे पुल निर्माणको लागि डि.पि.आर तयार गरी पुल निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ। नीलकण्ठ

नगरपालिकाको वडा नं. २ र १४ जोड्नको लागी सो पुल निर्माण गर्नुपर्ने आवश्यकताको कारण DPR तयार गरिएको हो । यस योजनाको कार्यान्वयनले १००औं घरधुरीलाई एउटा वडाबाट अर्को वडामा आवत जावत गर्न सहजता हुने देखिएको छ। सोही अनुरुप आ.व २०७९/८० मा बजेट उपशीर्षक संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको बजेट शीर्षक सेरा चिसापानी विर्तावेशी तल्लोवेसी ससाह ज्यामिरे झो.पु लस्करे गुर्दुम झो.पु गल्छी गा.पा २ र नीलकण्ठ न.पा मा बजेट व्यवस्थापन भएको र सम्झौता भइ कार्य भईरहेको हुँदा नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ग) **प्रतिवेदनको दफा ३७(४) र (२१) औद्योगिक ग्राम सम्भाव्यता अध्ययनका सम्वन्धमा,**

नेपाल सरकारको एक पालिका एक ग्राम निर्माणको नीति अनुरुप नीलकण्ठ नगरपालिका र उधोग मन्त्रालय वीच सम्झौता भै नीलकण्ठ नगरपालिका स्थित ८ नं. वडाको रामकोटलाई उधोगग्रामको रुपमा विकास गर्ने घोषणा भएको थियो। सो ५० रोपनी क्षेत्रफल रहेको ठाउलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र निर्माण गर्न DPR आवश्यकता पर्ने भएकोले यस कार्यालयले परामर्शदाता मार्फत सो ठाऊँको DPR गरेको हो। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि अनुसार नेपाल सरकारको एक स्थानीय तह एक उद्योगग्रामको नीति अनुरुप औद्योगिकग्राम घोषणा गर्न डि.पि.आर गर्नुपर्ने व्यवस्था भएकोले सोही बमोजिम डि.पि.आर तयार गरी औद्योगिकग्राम घोषणा भई कार्य अगाडि बढेको छ। मिति २०७९/०६/०८ गते भौचर नं ०२ बाट १० प्रतिशत मोबिलाइजेशन पेश्की रकम रु ६१७३९०/- र भौचर नं ३ बाट मोबिलाइजेशन पेश्की रकम रु ६१७३९०/- र साथै भौचर नं ०४ बाट रुकम रु ४१६०६००/- र भौचर नं ०७ बाट रुकम रु १९१३२५१ भुक्तानी भएको पाइन्छ। यसरी विभिन्न चरणमा कार्य भइ भुक्तानी भएको हुँदा यस औद्योगिक ग्राम सम्भाव्यता अध्ययनलाई नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

घ) **प्रतिवेदनको दफा ३७ (०५) र (०७) नीलकण्ठेश्वर पार्क डिपिआर निर्माणका सम्वन्धमा,**

नीलकण्ठ वडा न ८ मा पर्या पर्यटन विकास गर्ने हेतुले नीलकण्ठेश्वर पार्क निर्माण गर्ने मनशायले नीलकण्ठ नगरपालिकाले सो क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको हो।सो पार्क निर्माण पश्चात आन्तरिक तथा वाह्य पर्यटक आउने अवस्था सृजना भई यस पालिकाको आन्तरिक आयमा टेवा दिने र दिर्घकालिन आय स्रोतको रुपमा विकास गर्न सकिने लक्ष्य लिएको छ। यसै गरी सो स्थान मा सिढिँ निर्माणवाट स्थानीयको आवत जावतमा सहजता र मन्दिर निर्माणवाट स्थानीयको धर्म संस्कृतिको जगेर्नाहुने छ। साथै पर्यटन गुरुयोजनामा समेत सो योजना समावेश भएको छ।

आ व २०७८/७९ मा प्रदेश सरकार मार्फत ५० लाख विनियोजन भई सो पार्कको ठेक्का मार्फत पहिलो चरणको काम समेत सम्पन्न भएको छ  जस्मा सिढिँ निर्माणलाई प्राथमिकतामा राखि कार्य सुरु भएको छ।सोही अनुरुप आर्थिक वर्ष २०७९/८० को नगरसभाबाट बजेट शीर्षक नीलकण्ठेश्वर पार्क निर्माण मा ९००००००/- बजेट विनियोजन भएको छ। मिति २०७९/१२/२३ गते भौचर नं ३४४ बाट मोबिलाइजेशन पेश्की  रकम रु ५५१०००/-  र मिति २०७९/१२/२९ गते भौचर नं  ३६४ बाट कार्य प्रगतिको आधारमा मोबिलाइजेशन पेश्की  रकम रु ५५१०००/- भुक्तानी भइ कार्य भइरहेको हुँदा निलकण्ठेश्वर पार्क निर्माण डिपिआरलाई नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ङ) **प्रतिवेदनको दफा ३७ (०६) र (०८) जियोलजिकल स्टडि अफ कुसुन्डे डाडा डिपिआरका सम्मवन्धा**

नीलकण्ठ नगरपालिका वडा नं. ६ को कुसुन्डे भन्ने स्थानमा गहिरो भ्वाङ परेको कारण स्थानियमा त्रास उत्पन्न भई सोहि भ्वाङ परेको स्थानमा स्थानियको गोठ समेत परेको र घरमा समेत क्षति पुगि वस्न नसकिने अवस्था सृजना भएकोले सो भ्वाङ के कारणले परेको

र भविष्यमा सो क्षेत्रमा रहेको सिङगो गाऊँ नै विस्थापित हुने स्थिति सृजना भएकोले त्यसको न्यूनिकरणका लागी के गर्न सकिन्छ र भविष्यमा सो स्थान वस्ति वस्न लायक भए/नभएको थाहा पाउन त्यहाँको भौगर्भिक अध्ययन गर्नुपर्ने अवस्था भएकोले यस नगरपालिकाबाट बजेट विनियोजन भई सो क्षेत्रको अध्ययन भएको हो । सो क्षेत्रको अध्ययनवाट सम्भावित ठाऊको जोखिमको आँकलन गर्न सकिने भएकोले उक्त कार्यको नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

च) **<u>प्रतिवेदनको दफा ३७ (०९) दिगो विकासको स्थानीयकरण कार्ययोजनाका सम्वन्धमा</u>**

नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रमको उद्देश्यमा दिगो विकासको लक्ष्य पुरा गर्ने उल्लेख भएको छ।सोही अनुसार गरिवी निवारण गर्न मेयर उद्यमशिलता कार्यक्रम लागू गरी कार्यान्वयनको चरणमा रहेको छ। एक गाउँ एक उत्पादनको नीति लागू गरी कृषि कार्यमा अनुदानको व्यवस्था गरेको छ। कृषिलाई व्यवसायिकरण गर्न कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषि औजारहरु वितरण गरेको छ। स्वास्थ्य संस्थाहरु सबै वडामा व्यवस्था गरी नेपाल सरकारले तोकेको औषधीहरु निशुल्क उपलब्ध गराउँदै आएको छ।शैक्षिक विकासको लागि नगरशिक्षा गुरुयोजना तयार गरिएको छ।पूर्वाधार विकासको लागि नगर यातायात गुरुयोजना तयार पारि कार्यान्वयनको चरणमा रहेको छ।

दिगो विकास लक्ष्य हासिल गर्न केन्द्र, प्रदेश र स्थानीय तीन तहबाटै कार्ययोजना बनाई कार्यान्वयन गर्नपर्ने भएकोले दिगो विकासको स्थानीयकरण कार्ययोजना तयार गरेको र सो अनुसार नीति, बजेट, कार्यक्रममा समावेश गरी कार्यान्वयन भइरहेको हुदाँ सो परामर्श खर्च नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

छ) **<u>प्रतिवेदनको दफा ३७ (१०) अर्बुङ खोला पक्की पूल निर्माणको डि. पि. आर.का सम्वन्धमा</u>**

नीलकण्ठ नगरपालिकाको १ र ५ को मुख्य भू-भाग जोड्ने पक्की पुल निर्माण नहुँदा वर्षा याममा सो क्षेत्रका मानिसहरुलाई आवत जावतमा असहज अवस्था रहेको र वर्षेनी सो

पुल नहुदाँ नगरवाट सो स्थानसँगको ३ देखि ४ महिना सम्पर्क विहिन रहेने अवस्था सृजना भएकोले पुल निर्माण गर्न आवश्यक देखिएकोले पुल निर्माणलाई वजेट आ.व. २०७८/०७९ मा रु २ करोड विनियोजन भएको र पुल जस्तो संवेदनशील आयोजना निर्माण गर्नु पर्दा DPR अनिवार्य रहेकोले यस कार्यालयले सो का लागी परामर्शदाता मार्फत पुलको design गरिएको हो।

आ.व. २०७८/०७९ मा रु २ करोड विनियोजन भई ठेक्का आव्हान भएको गो भौ नं. ४२७ बाट ३८ लाख ९४ हजार र दोस्रो रनिङ विलको रुपमा ३८ लाख ९४ हजार भुक्तानी भइसकेको र भौतिक प्रगति समेत ६० प्रतिशत सम्पन्न भएको अवस्था भएकोले सो सम्वन्धमा गरिएको डि.पि आर नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

**ज)प्रतिवेदनको दफा ३७ को (१६) र (१९) सामाजिक प्रभाव मूल्याङकन**

यस नगरपालिकामा भएका महत्वपूर्ण स्थानको चिनारी दिन सक्ने गरी विनियोजन भएको वजेटले प्रयाप्त आर्थिक, सामाजिक, धार्मिक दृष्टिले महत्व वोकेका स्थलका बिषय बस्तु र त्यस किसिमका क्षेत्रमा विनियोजित वजेट र त्यसको प्रभाव आम नागरिकमा कस्तो प्रभाव पर्‍यो भन्ने जानकारी प्राप्त गर्दा आगामी वर्षहरुमा योजना तथा बजेट निर्माण गर्न सहजता प्रदान गर्दछ। नेपालको संविधान, २०७२ पछाडी पहिलो पटक निर्वाचित स्थानीय तहले गरेका नीति, कार्यक्रम तथा वजेटले नागरिक अपेक्षा पुरा गर्न सकियो सकिएन, स्थानीय सरकारद्वारा अवलम्बन गरिएको नीतिहरु नागरिक मैत्री छन्/छैनन्, त्यसवाट आम समाजमा कस्तो प्रभाव परेको छ भन्ने विविध विषयका साथै नगरपालिकाद्वारा सम्पादन भए/गरेका कार्यहरुले आम नागरिकमा परेको प्रभाव नागरिक अपेक्षाको जानकारी एवम् विगत ५ वर्षमा गरेको कार्यमुल्याङ्कन गर्ने उद्देश्यले नीलकण्ठ नगरपालिकाको नवौं नगर सभाद्वारा आ.व.२०७८/०७९ मा कार्यान्वयन हुने गरी सामाजिक प्रभाव मुल्याङ्कन गर्न आवश्यक वजेट व्यवस्थापन गरेको देखिन्छ।

नीलकण्ठ नगरपालिका अन्तरर्गत रहेका १४ वटै वडाहरुमा आर्थिक, धार्मिक, सांस्कृतीक, पर्यटन स्थलहरु लगायत सार्वजनिक महत्वका विषयमा विनियोजन गरेको वजेटवाट आम नागरिक र समाजमा परेको प्रभावको मुल्याङ्कन गरी आगामी वर्षहरुमा त्यसलाई मध्यनजर गरी विकास तथा सामाजिक क्षेत्रका गतिविधि सञ्चालन गर्ने सकियोस वा मार्गदर्शकको रुपमा चित्रण होस भन्ने हो। जसले गर्दा नीलकण्ठ नगरपालिकाको बिकास निर्माणका कार्यको समग्रतामा मुल्याङ्कन गर्दा यस प्रकारको कार्यले कहि कतै कमि कमजोरी भएका छन् भने त्यस्ता कार्यहरुलाई सच्याउनको लागि पनि मार्ग प्रशस्त गर्नेछ।

स्थानीय तहको चुनाव पछि गठित जनप्रतिनिधिहरु मार्फत सञ्चालित विविध कार्यक्रमहरुको तथा आगामी दिनहरुमा सो को आधारमा बिकास निर्माणका कार्यक्रमहरुलाई अघि बढाउने गरी यस प्रकारको कार्यका लागि वजेटको व्यवस्थापन गरेको देखिन्छ। त्यसै कुरालाई मनन गर्दै नीलकण्ठ नगरपालिकाले विद्यमान कानूनहरुमा आधारित भई यस नगरपालिकाको कार्यक्रमको सामाजिक प्रभाव मूल्याङन (Social Impact Assessment) सम्वन्धी अध्ययनको लागि कार्यशर्त तयार गरी सामाजिक प्रभाव मूल्याङन गर्नको लागि यस क्षेत्रमा अनुभव भएका संघ संस्थाबाट प्रस्ताव माग गरी यसको अध्यायन गराइएको हो । सोही अनुसार प्रत्येक वडामा प्रतिवदेन अनुसार बजेट राखि कार्यान्यवन भइरहेकोले उक्त प्रतिवेदन नगरसभामा छलफल गरी प्राप्त सुझावहरुको क्रमिक रुपमा कार्यान्वयन गर्ने गरी यस प्रकारको अध्ययन गराइएको हो ।

संविधानको भाग १७ धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार र भाग १८ धारा २२६ को अनुसूची-८ वमोजिमका एकल अधिकारका सम्वन्धमा संविधानले व्यवस्था गरेका विषयहरु कार्यान्वयन गरी आम नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधामा देखिएको दुविधा निरुपण गरी सहज र सुलभ तवरवाट सेवा प्रवाह गरी नागरिकहरुले राज्यको तवरवाट प्राप्त गर्ने सेवा हस्तान्तरणका लागि आवश्यक कानून वनाउन सक्ने व्यवस्था गरेको पाउन सकिन्छ ।

नेपालको संविधानले गरेको राज्य व्यवस्था अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिक्षेद-३ दफा ११ मा गाउँपलिका तथा नगरपालिकाको अधिकारको उपदफा (२) को खण्ड (छ) स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाको उपखण्ड (१), (२) र (३) मा स्थानीय सरकारद्वारा सम्पादन भएका योजना तथा कार्यक्रमको समग्रताका आधारमा मुल्याङ्कन गर्न सकिने व्यवस्था गरिएको छ। यस प्रकारको अध्ययनद्वारा नगरपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माणमा सहजीकरणको भुमिका निर्वाह गरेको हुदाँ नगरपालिकाद्वारा गराइएको अध्ययनको औचित्यता पुष्टायाँइ गरी उक्त कार्यको यस नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

झ) **<u>प्रतिवेदनको दफा ३७ को (२५) कृषि रणनीतिक योजनाका सम्वन्धमा,</u>**

नेपाल एक कृषिप्रधान देश हो । नेपालको कुल जनसंख्याको करिम ७५ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको भएता पनि कृषिमा आधुनिकीकरण गर्न नसकिएको कारण नेपालको कृषि प्रणाली जिविको पार्जनमा मात्रै सिमित रहेको अवस्था छ। कृषिमा आधुनिकीकरण एवम् व्यवसायिकीकरण गरी आयात उन्मुख कृषि व्यवस्थालाई निर्यात उन्मुख कृषि प्रणालीमा रुपान्तरण गर्नु आजको आवश्यकता रहेको छ। यसै सन्दर्भमा नीलकण्ठ नगरपालिकाले नगर क्षेत्रको भूगोलमा के कस्तो कृषि व्यवस्था अवलम्वन गर्दा नगर क्षेत्रको विकास एवम् निर्यात उन्मुख कृषि व्यवस्था गरी समग्र कृषि क्षेत्रको व्यवसायिकीकरण गर्दै नगरलाई कृषि पर्यटनमा रुपान्तरण गर्न सकिन्छ भन्ने हेतुले नीलकण्ठ नगरपालिकाले एक वडा एक उत्पादनको नीति तय गरी नगरको नवौं नगर सभा मार्फत कृषि सेवा तर्फ एक वडा एक उत्पादनमा आ.व.२०७८/०७९ मा कार्यान्वयन हुने गरी रु ४२ लाख विनियोजन गरेको थियो । नगरपालिकाको कृषि विकास सम्वन्धी कुनै पनि अध्यायन नभएको र भुगोल सुहाउदो माटो र माटो सुहाउदो उत्पादनका लागि समेत स्थलगत अध्यायन अनुसन्धान आवश्यक रहन्छ । नगरपालिकाद्वारा यस प्रकारको

अध्यायन नगरेको हुदाँ आ.व.२०७८/०७९ मा कृषि तर्फ विनियोजन भएको एक वडा एक उत्पादन कार्यान्वयन हुन सकेन ।

यस्तै प्रकारका विविध समस्यहरुलाई समधान गरी नगरको कृषि क्षेत्रको समग्रतामा विकास गर्न नगरपालिकाले कृषि क्षेत्रमा दीर्घकालिन विकासका लागि **कृषि विकास रणनीति तयार गरी** कृषिमा आधुनीकरण गर्दै नगरको कृषि क्षेत्रमा लगानी गरी कृषिमा आत्म निर्भर गराउने उद्देश्य अनुरुप यसको सम्भाव्यता अध्ययनका लागि विद्यमान कानूनहरुमा आधारित रही आवश्यक वजेट व्यवस्थापन गरेको हो । यस प्रकारको सम्भाव्यता अध्ययन प्राविधिक रुपमै गर्नुपर्ने भएकोले कार्यालयमा मौजुदा रहेको जनशक्तिवाट सम्भव नभएको हुदाँ प्रचलित कानूनको अधिनमा रही वाह्य परामर्श सेवा मार्फत सम्भाव्यता अध्ययन गर्न/गराउन उपयुक्त देखि यसको प्रकृया अगाडि वढाएको हो ।

नीलकण्ठ नगरपालिका अन्तरर्गत रहेका १४ वटै वडाहरुमा आर्थिक, धार्मिक, सांस्कृतीक, पर्यटन स्थलहरु लगायत सार्वजनिक महत्वका विषय अन्तर्गत रही कृषि क्षेत्रको आधुनीकरण गर्ने उद्देश्य राखी कृषि क्षेत्रमा वजेट विनियोजन गरिरहेकोले उक्त रणनीतिक योजना नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ञ) **प्रतिवेदनको दफा ३७ को (१२) र (२६) इन्टरनेट कनेक्टिभिटि साईट र नगर सुचना प्रविधि जडानका सम्वन्धमा,**

यस कार्यालयले नगर कार्यपालिकाको कार्यालय लगायत नगर कार्यपालिकाको कार्यालयको मातहतका सवै वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री संरचना निमार्ण गरी सेवा प्रवाहमा छिटो छरितो वनाई आम नगरवासीहरुलाई सहज सेवा उपलब्ध गराउने नविनतम् सोच लिइरहेको छ। सूचना प्रविधिमा पहुँच वृद्धि गरी यस नगरलाई Paperless Governance का रुपमा निर्माण गर्ने सोच सहित यस नगरपालिकाले स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकास एवम् विकासका क्षेत्रमा नवप्रवर्तनको

माध्यमवाट नवीनतम सोच र सिर्जनशीलता प्रवद्र्घन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वागमती प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझोदारी कोषको माध्यमवाट प्रदेश तथा स्थानीय तहको सह—लगानीमा नवीनतम परियोजना सञ्चालन गर्न माग भए वमोजिम यस नगरपालिकाले "सूचना प्रविधि मैत्री सुशासन परियोजना" को अवधारणपत्र पेश गरेको थियो । सो अवधारणपत्र स्वीकृत भई मिति २०७९ वैशाख २१ गतेका दिन नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वागमती प्रदेश, हेटौंडासँग परियोजना कार्यान्वयनका लागि सम्झौता गरिसकेको अवस्था रहेकोछ।

यस सन्दर्भमा "सूचना प्रविधि मैत्री सुशासन परियोजना" को प्रारम्भिक कार्य अनुरुप भौगोलिक सम्वन्धी पूर्वाधार तथा नेटवर्किङ कनेक्टिभिटि एवम् सफ्टवेयर सम्वन्धि परामर्श अध्ययन गर्नु आवश्यक पर्दछ।सोही अनुरुप आर्थिक वर्ष २०७८/७९ को नगरसभाबाट बजेट शीर्षक नगर सूचना प्रविधि जडान मा बजेट व्यवस्थापन भएको र पूजिगत भौचर नं. ४६४ बाट बजेट खर्च रु १९६६३४०/- भएको छ।त्यसैगरि आर्थिक वर्ष २०७९/८० मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मा अख्तियारी रकम रु १३३०८०००/- प्राप्त भएको र भुक्तानी आदेश १ बाट रकम रु ६६५०००/- ,भुक्तानी आदेश ३ बाट रकम रु १९३७९४९/- र भुक्तानी आदेश ४ बाट रकम रु १९७६७०९/- बाट भुक्तानी भई कार्य सम्पन्नको चरणमा भएको हुँदा नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ट) **<u>प्रतिवेदनको दफा ३७ (५७) र (८२) नीलकण्ठ बहुमुखी क्याम्पसको डि. पि. आर. का सम्वन्धमा,</u>**

धादिङ जिल्लाको सदरमुकाममा रहेको यस पालिकामा रहेको नीलकण्ठ वहुमुखी क्याम्पसमा यस पालिकाको मात्र नभएर अन्य पालिका र जिल्लावाट समेत विद्यार्थी

अध्ययन गर्ने अवस्था रहेकोमा होस्टलको उचित व्यवस्थापन नहुंदा विद्यार्थीहरु लाई असहज अवस्था रहेकोले होस्टल निर्माण गर्ने उदेश्यले यस पालिकाले सो क्याम्पसको होस्टल निर्माणका लागी वजेट विनियोजन गर्नु पूर्व Detail Project Report तयार गरेको छ।

सो Report को आधारमा संघिय सरकार संग वजेटमाग भएकोमा आ.व. २०८०/८१ मा यस क्याम्पसलाई खर्च शिर्षक न २६३३७ नं. वाट १ करोड २५ लाख विषेश अनुदानको रुपमा वजेट विनियोजन भएकोले सो सम्वन्धमा भएको कार्यलाइ नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ठ) **<u>प्रतिवेदनको दफा ३७ को (७५) लैङ्गिक उत्तरदायी वजेट अध्यायनका सम्वन्धमा,</u>**

नेपालको संविधान र संघीयताको मूल्य मान्यता अनुसार आफ्ना काम कर्तव्य र अधिकारको प्रभावकारी रुपमा बहन गर्न स्थानीय सरकारहरु आफैं पनि विशेषगरी लैंगिक सवालहरुलाई सम्बोधन गर्नका लागि सक्षम हुन आवश्यक छ। यसका लागि नीति निर्माण तहदेखि योजना तथा बजेट तर्जुमा प्रक्रियालाई लैंगिक दृष्टिकोणबाट विश्लेषण गर्न जरुरी पर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्न पर्नेछ भन्ने व्यवस्था गरेको छ। त्यस्तै उक्त योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने देखिन्छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ ले पनि सामाजिक समावेशीकरण विषयक्षेत्र भित्र लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) सुचकको रुपमा लिइएको

छ। तसर्थ लैङ्गिक उत्तरदायी बजेट परीक्षण गरी सोही अनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्नुपर्ने देखिन्छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ उपदफा ३ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा योजना बनाउँदा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने गरी बनाउनुपर्ने देखिन्छ। सोही अनुरुप लैङ्गिक उत्तरदायि बजेट परीक्षण गरी योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ। हाल सोहि अनुरुप वजेट समेत विनियोजन भई कार्यान्वयन भएकोले सो परिक्षण कार्य नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ड) <u>प्रतिवेदनको दफा ३७ (४४४) वाघवछ्ला मन्दिर पर्यटन स्थल डि.पि.आर.का सम्वन्धामा</u>

नीलकण्ठ नगरपालिका वडा नं. ९ मा स्थित सो मन्दिर धार्मिक तथा पर्यटकिय हिसावले महत्वपूर्ण रहेकोले सो ठाऊको विस्तृत अध्ययन भएको हो। नगरपालिकाले आगामी दिनमा सो ठाउँमा सोहि प्रतिवेदन अनुसार वजेट विनियोजन गरी कार्य अगाडी वढाउने भएकोले सो प्रतिवेदन नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ढ) <u>प्रतिवेदनको दफा ३७ को (४४६) नीलकण्ठ नगर कार्यपालिकाको प्रशासनीक भवन निर्माण डि.पि.आर. का सम्वन्धमा,</u>

साविकको ७ वटा गाउँ विकास समितिको कार्यालयहरु मिलाई यस नगरपालिकाको भौगोलिक संरचना निर्माण गरिएको हो । संघीय संरचना कार्यान्वयन एवम् नगरपालिकाको घोषण पश्चात नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई समेत आफ्नै भवन नभएको कारण र यस पालिकाको जनचाप समेत अधिक रहेको हुँदा आम नगरवासीहरुले सेवाप्रवाहमा असहज महशुस गरिरहेको देखिन्छ । कार्यालय सञ्चालन गर्दा नागरिकहरुको सुविधालाई मध्ये नजर गर्दै सवै सेवा तथा सुविधा एउटै प्रशासनिक भवनवाट सम्पादन गर्न सकियो भने जनआंकाक्षा एवम् कार्यालयले लिएको लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न सकिन्छ । नगर

कार्यपालिकाको भवन निर्माण गर्नुपूर्व यस कार्यको सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । यी सवै कुराहरुलाई मध्य नगर गरी नगर कार्यपालिकाको मिति २०७८/११/२५ गतेको ८४ औं वैठक एवम् मिति २०७८/१२/४ र ५ मा सम्पन्न दशौं नगर सभाले यस नगर कार्यपालिकको कार्यालय भवन निर्माणका लागि नक्साङ्कन (डि.पि.आर.) गर्न आवश्यक रकम विनियोजन गरेको छ। उक्त कार्यका लागि विनियोजित वजेट सम्भाव्यता अध्ययनका लागि विद्यमान कानूनहरुमा आधारित रही वजेटको व्यवस्थापन गरी, यस प्रकारको सम्भाव्यता अध्ययन प्राविधिक रुपमा गर्नुपर्ने भएकोले कार्यालयमा मौजाद रहेको जनशक्तिवाट सम्भव नदेखिएको हुदाँ बाह्य परामर्शदाता मार्फत उक्त भवनको डि.पि.आर. तयार गर्न उपयुक्त देखिएको हुदाँ सोही वमोजिम प्रचलित कानूनको अधिनमा रही नीलकण्ठ नगरपालिकाको प्रशासनिक भवनको डि.पि.आर. तयार गरिएको हो ।प्रशासनिक भवन निर्माण भए पश्चात सेवा छिटो तथा छरितो हुने त्यसका साथै एकै स्थानवाट सेवा दिन सकिने अवस्था रहने तथा स्थानिय सरकार गठन पछि विभिन्न सेवाहरु एकै स्थानवाट दिनु पर्ने हुदा हाल कायम रहेको स्थान अपुग रहेको र नेपाल सरकारको नीति अनुरुप प्रशासनिक भवन निर्माण गर्नु आवश्यक रहेकोले यस कार्यालयले सो भवनको DPR गराएको छ। सो भवन निर्माणको लागी वजेट विनियोजन भई ठेक्का आव्हान भएको छ भने निर्माण कार्य आ.व. २०८०/०८१ वाट प्रारम्भ हुने छ। उक्त कार्य सुरु गर्नका लागि आ.व. २०७९/०८० मा कार्यालय पूर्वाधार निर्माण शीर्षकमा रु २ करोड विनियोजन भएको छ, यस भवन निर्माणको चरणमा गई कार्यान्वयन भएकोले नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

ण) <u>प्रतिवेदनको दफा ३७ को (४७१) रामकोट औद्योगिक ग्राम पूर्वाधार निर्माण आई.ई.ई.का सम्वन्धमा,</u>

नेपाल सरकारको एक पालिका एक ग्राम निर्माणको नीति अनुरुप नीलकण्ठ नगरपालिका र उद्योग मन्त्रालय बीच सम्झौता भै नीलकण्ठ नगरपालिकाको ८ नं. वडाको रामकोटलाई

उद्योगग्रामको रुपमा विकास गर्ने घोषणा भएको थियो। सो ५० रोपनी क्षेत्रफल रहेको ठाउँ भविष्यमा उद्योगको रुपमा संचालनमा आंउदा अथवा निर्माणका क्रममा सो क्षेत्रफलहरुमा स्थापना भएका उद्योगहरुले वातावरणमा असर गर्ने  नगर्ने स्थिति के रहन्छ र वातावरण अनुकुल निर्माण र संचालनकालागि सो ठाऊँको वातावरणीय अध्ययन गर्नु जरुरि रहेको र यसका साथै ठुला योजना निर्माणहुनु पूर्व वातावरणीय अध्ययन अनिवार्य रहेकोले सो ठाऊँको IEE यस पालिका वाट गरिएको हो।

LISA जस्ता indicator हरुको मुल्याङकनका लागि समेत वातावरणीय अध्ययन अनिवार्य रहेको छ। आ व २०७८/७९ मा सो आयोजनाको लागी ९० लाख विनियोजन समेत भई हाल २०७९/८० मा निर्माण समेत सम्पन्न भएको छ भने थप कार्यान्वयन हुने चरणमा छ। हाल सम्म सो ठाउँमा Approach Road Construction, Inner Road Construction र १०० मी भन्दा लामो Boundary wall निर्माणको काम सम्पन्न भएको छ। हाल सोहि अनुरुप वजेट समेत विनियोजन भई कार्यान्वयन भएकोले सो डि. पि. आर. नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

**त) <u>प्रतिवेदनको दफा ३७ को (४६५) नीलकण्ठ नगरपालिकाको पर्यटन विकास गुरुयोजनाका सम्वन्धमा,</u>**

संघीय संरचना अनुसार तीनै तहबाट सरकार सञ्चालन भईरहेको सन्दर्भमा संघीयताको मर्म र भावना अनुसार नागरिहरुलाई उपलब्ध हुने सेवा सुविधामा न्यायोचित र समानता एवम् समतामूलक विकासको प्रत्याभूति दिलाउन विभिन्न क्षेत्रमा विकासका कार्यक्रमहरु स्थानीय तहहरुले सञ्चालन गरिरहेको विद्यमान अवस्थामा यस नगरपालिका समेत सोही प्रक्रियामा अगाडी बढिरहेको छ।

बजेट तर्जुमा गर्दा प्रचलित कानूनको पालना गरी यथासम्भव सबै विषय र क्षेत्रलाई समेट्दै न्यायोचित तवरबाट बजेट निर्माण गर्नुपर्दछ। सार्वजनिक नीति मूलतः नेपालको

संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वबाट निश्चित हुन्छन्।नेपालको संविधानको धारा ५१ (ठ) मा पर्यटन सम्बन्धी नीति उल्लिखित छः 'नेपालको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्धन एवम् प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यापर्यटन अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने'।

तसर्थ पर्यटनक् क्षेत्र नीलकण्ठको समग्र सामाजिक आर्थिक रुपान्तरणका दृष्टिले महत्वपूर्ण संभावनाको क्षेत्र हो। समग्र नीलकण्ठ नगरपालिकाको आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा पर्यटनको योगदान थप बढाउन सकिने प्रशस्त संभावना छ। अतः नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका नयाँ व्यवस्था अनुकुल हुने गरी पर्यटन विकास रणनीति तयार गरी कार्यान्वयन गर्न जरुरी छ। यस प्रकारको रणनीति तयार गर्न कार्यालयमा मौजाद रहेको जनशक्तिबाट सम्भव नभएकोले बाह्य परामर्श सेवा मार्फत रणनीतिक विकास योजना निर्माण गरेको हो।

पर्यटन विकास योजना बमोजिम विभिन्न पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गर्न वार्षिक बजेट तथा कार्यक्रममा बजेट समावेश गरी कार्यान्वयन भइरहेको छ।उक्त पर्यटन विकास योजनाबाट सिफारिस भएको तपसिल बमोजिमको क्षेत्रमा विभिन्न ठाउँबाट बजेट विनियोजन भई कार्यान्वयनमा रहेको छ। नीलकण्ठेश्वर पार्क निर्माण बार्षिक रुपमा बजेट विनियोजन भएको प्रदेश सरकार बाट पनि बजेट विनियोजन भई कार्यान्वयन भएको, चालु आ.व. मा ९० लाख को कार्य भइरहेको अवस्था, भैरवी मन्दिर- ४५ लाख नगरपालिकाबाट विनियोजन भएर काम सम्पन्न भएको र पर्यटन बोर्डबाट समेत साझेदारीमा १५ लाख को काम भइरहेको छ। त्यसैलौ उक्त प्रतिवेदन नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो।

**थ) प्रतिवेदनको दफा ३७ को (४७४) चुलिदेवी पर्यटकीय स्थल डि. पि. आर.का सम्वन्धमा,**

नीलकण्ठ नगरपालिको वडा ११ स्थित चुलिदेवीलाई पर्यटकीय हिसाबले सुन्दर गन्तव्य वनाउन सकिन्छ । सोही कुरालाई मध्यनजर गरी वजेट विनियोजन भई सो ठाऊको अध्ययन गरी सुन्दर ठाऊंको रुपमा विकाश गर्ने र आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बनाउन सकिने उदेश्य यस प्रतिवेदनले लिएको छ। आगामी दिनमा वजेट बिनियोजन गरी सो ठाँउलाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने उदेश्य यस पालिकाले लिएको पर्या पर्यटन प्रवर्द्धनको नीति अनुरुप कार्य अगाडि वढाउन सो कार्य गरेको हुदाँ उक्त कार्य नगर सभा मार्फत नियमित गर्ने निर्णय गरियो ।

- माथि उल्लखित अध्यायन प्रतिवेदनहरु मध्ये कार्यान्वयन हुन वाँकी रहेका अध्यायन प्रतिवेदनहरुको कार्यान्वयनका लागि क्रमिक रुपमा आवश्यक वजेट विनियोजन गर्नका लागि नगर कार्यपालिका मार्फत नगर सभा समक्ष पेश भएका सिफारिसहरुलाई मध्यनजर गरी आवश्यक वजेट व्यवस्थापन गर्दै जाने निर्णय गरियो।

✓नीलकण्ठ नगरपालिकाको आ.व.२०७८/०७९ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षण प्रतिवेदनद्वारा सामाजिक सुरक्षा भत्ता वितरणका सम्वन्धमा औंल्याइएका विषयहरु माथि लेखा समितिद्वारा छलफल गरी कार्यालयमा उपलब्ध प्रमाणहरुलाई आधार वनाई अध्ययन गर्दा सामाजिक सुरक्षा भत्ता वितारणमा औचित्यता पुष्टायई हुने देखि, महालेखा परिक्षकद्वारा औंल्याइएका देहाय वमाजिमका विषयहरु एवम् सो सँग सम्वन्धित आवश्यक कागजातका आधारमा उक्त वेरुजु फर्छ्यौट गर्न नगर कार्यपालिका मार्फत नगर सभामा अनुमोदनका लागि सिफारिस भएका विषयहरु स्वीकृत गर्ने निर्णय गरियो।

**सामाजिक सुरक्षा कार्यक्रमका सम्वन्धमा**

**द) प्रतिवेदनको दफा ५५ निस्कृय लाभग्राहीका सम्वन्धमा,**

नीलकण्ठ नगरपालिकाले नगर क्षेत्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको १४ वटै वडाहरुवाट एवम् नगरपालिकाको पञ्जिकरण शाखावाट लाभग्राहीको तथ्याङ्क

एकीन गर्दै केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गरे पश्चात मात्र सामाजिक सुरक्षा लाभग्राहीहरुका लागि नेपाल सरकारद्वारा निर्धारण भएको नगद सुविधा उपलब्ध गराउदै आएको थियो। आ.व.२०७८/०७९ को एउटै चौमासिकमा प्राविधिक त्रुटीका कारण एकै व्यक्तिको नाममा दोहोरो निकासा र मृत्यु भएका लाभग्राहीको लगत कट्टा नगरी वढी निकास भएको देखिएको हुदाँ उक्त वढी निकासा भएको रकम रु १०१०६१.४४।- नगरपालिका मार्फत नियमानुसार असुल गरी कोषमा जम्मा गरी सकिएको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु रकम फछ्यौंटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

ध) **प्रतिवेदनको दफा ५६ सामाजिक सुरक्षाका सम्वन्धमा,**

नीलकण्ठ नगरपालिकाले नगर क्षेत्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको १४ वटै वडाहरुवाट एवम् नगरपालिकाको पञ्जिकरण शाखावाट लाभग्राहीको तथ्याङ्क एकीन गर्दै केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गरे पश्चात मात्र सामाजिक सुरक्षा लाभग्राहीहरुका लागि नेपाल सरकारद्वारा निर्धारण भएको नगद सुविधा उपलब्ध गराउदै आएको छ। नीलकण्ठ नगरपालिकाद्वारा आ.व.२०७८/०७९ को सामाजिक सुरक्षा भत्ताका सम्वन्धमा वैकहरु मार्फत सम्वन्धित वडाहरुमा गै वितरण गर्ने उद्देश्य राखी एकमुष्ठ रकम वैक खातामा जम्मा गरिएकोमा त्यसरी एकमुष्ठ जम्मा गर्दा वढी भएको रकम सम्वन्धित वैकहरुवाट नियमानुसार फिर्ता गर्न लगाई कोषमा जम्मा गरी सकिएको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु रकम फछ्यौंटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

न) **प्रतिवेदनको दफा ५७ सामाजिक सुरक्षाको पेश्की बाँकीका सम्वन्धमा,**

नीलकण्ठ नगरपालिकाले नगर क्षेत्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको १४ वटै वडाहरुवाट एवम् नगरपालिकाको पञ्जिकरण शाखावाट लाभग्राहीको तथ्याङ्क एकीन गर्दै केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गरे पश्चात मात्र सामाजिक

सुरक्षा लाभग्राहीहरुका लागि नेपाल सरकारद्वारा निर्धारण भएको नगद सुविधा उपलब्ध गराउदै आएको छ। नीलकण्ठ नगरपालिकाद्वारा आ.व.२०७८/०७९ को सामाजिक सुरक्षा भत्ताका सम्वन्धमा वैकहरु मार्फत सम्वन्धित वडाहरुमा गै वितरण गर्ने उद्देश्य राखी एकमुष्ठ रकम वैक खातामा जम्मा गरिएकोमा सामाजिक सुरक्षा भत्ता वितरणको जिम्मेवारी पाएको प्रभु वैकद्वारा सामाजिक सुरक्षा भत्ता वितरण गरी पेश्की रकमको फरफारक गरी सकेको अवस्था रहेको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु रकम फछ्यौंटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

✓ नीलकण्ठ नगरपालिकाको आ.व.२०७७/०७८ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षण प्रतिवेदनद्वारा अन्य संस्था सहायताका सम्वन्धमा औंल्याइएका विषयहरुका सम्वन्धमा लेखा समितिको वैठकमा छलफल भै कार्यालयमा उपलब्ध प्रमाणहरु तथा सम्वन्धित संघ/संस्थाहरुसँग माग गरिएका थप प्रमाणहरुलाई आधार वनाई अध्ययन गर्दा देहाय वमोजिमका संस्थाहरुलाई अन्य संस्था सहायता शीर्षकमा रकम विनियोजना गरी संस्थागत सुदृढीकरणका लागि एवम् अन्य विविध कार्यक्रम सञ्चालनार्थ उपलब्ध गराइएको हुदाँ यस सम्वन्धमा भएको खर्चको औचित्यता पुष्टायई हुने देखिन्छ। यस कारण महालेखा परिक्षकद्वारा औंल्याइएका देहाय वमाजिमका विषयहरु एवम् सो सँग सम्वन्धित आवश्यक कागजातका आधारमा उक्त वेरुजु फछ्यौंट गर्न नगर कार्यपालिका मार्फत सिफारिस भएका देहाय वमोजिमका सिफारिसहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

**<u>आ.व.२०७७/०७८ को म.ले.प.प्रतिवेदन दफा १४.१ अन्य संस्था सहायताका सम्वन्धामा</u>**

**प) <u>काशी-नर्मदा स्मृति प्रतिष्ठान</u>-** पुस्तकालय स्थापना- काशी -नर्मदा स्मृति प्रतिष्ठान एक गैर नाफामुलक संस्था रहेको र उक्त प्रतिष्ठानले नगरपालिकावाट उपलब्ध गराइएको रकमवाट पुस्तकालय स्थापना गरी सञ्चालनमा ल्याएको कार्यालयमा पेश भएका संलग्न कागजातका आधारमा पुष्टि हुन्छ। यस कारण नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐनद्वारा स्थानीय सरकार सञ्चालनमा दिएका एकल अधिकार क्षेत्र तथा सयुक्त अधिकार क्षेत्रलाई मध्य

नजर गर्दा नगरपालिका मौद्रिक केन्द्रीत नभई सेवा केन्द्रीत हुनुपर्दछ। यस कारण पनि काशि-नर्मदा स्मृति प्रतिष्ठानसमेत गैर नाफामुलक संस्था रहेको र नगरपालिकाद्वारा उक्त संस्थालाई उपलब्ध गराएको रकमवाट पुस्तकालय सञ्चालनमा ल्याइ नगरपालिकामा फछ्यौंट समेत गरिसकेको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु नियमित नै देखिएको हुदाँ उक्त रकम फछ्यौंटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

**फ) <u>स्मार्ट कृषक समुह -तालिम सञ्चालन -</u>** नेपाल एक कृषिप्रधान देश हो। नेपालको कुल जनसंख्याको करिम ७५ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको भएता पनि कृषिमा आधुनिकीकरण गर्न नसकिएको कारण नेपालको कृषि प्रणाली जिविको पार्जनमा मात्रै सिमित रहेको अवस्था छ। कृषिमा आधुनिकीकरण एवम् व्यवसायिकीकरण गरी आयात उन्मुख कृषि व्यवस्थालाई निर्यात उन्मुख कृषि प्रणालीमा रुपान्तरण गर्नु आजको आवश्यकता रहेको छ। नगरपालिकाको नीति तथा कार्यक्रम र प्राथमीकताका आधारमा कृषि क्षेत्र प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरिदै आएका छ। स्मार्ट कृषक समुह समेत नगर क्षेत्रका कृषकहरु मिलि गठन भएको संस्था हो। कृषिमा अधुनिकरण र व्यवसायीकरणका लागि आवश्यक तालिमको जरुरत पर्दछ। स्मार्ट कृषक समुह एक व्यवसायिक कृषक समुह भएता पनि यसको प्रवर्द्धनले नगरपालिका कृषिमा आत्मनिर्भर हुने नीतिमा टेवा पुऱ्याउदछ। यस कारण उक्त संस्थालाई उपलब्ध गराइएको रकमवाट समुहमा आवद्द भएका कृषकहरुलाई तालिम सञ्चालन गरी नगरपालिकामा आवश्यक कागजात सहित फछ्यौंट समेत गरिसकेको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु नियमित देखिएको हुदाँ वेरुजु रकम फछ्यौंटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

**ब) <u>कंकाली कृषक समुह-</u>** नेपाल एक कृषिप्रधान देश हो। नेपालको कुल जनसंख्याको करिम ७५ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको भएता पनि कृषिमा आधुनिकीकरण गर्न नसकिएको कारण नेपालको कृषि प्रणाली जिविको पार्जनमा मात्रै सिमित रहेको अवस्था छ। कृषिमा आधुनिकीकरण एवम् व्यवसायिकीकरण गरी आयात उन्मुख कृषि व्यवस्थालाई निर्यात

उन्मुख कृषि प्रणालीमा रुपान्तरण गर्नु आजको आवश्यकता रहेको छ। नगरपालिकाको नीति तथा कार्यक्रम र प्राथमीकताका आधारमा कृषि क्षेत्र प्रवर्द्धनका लागि आवश्यक वजेट विनियोजन गरिदै आएका छ। कंकाली कृषक समुह समेत नगर क्षेत्रका कृषकहरु मिलि गठन भएको संस्था हो। कृषिमा अधुनिकरण र व्यवसायीकरणका लागि आवश्यक तालिमको जरुरत पर्दछ। कंकाली कृषक समुह एक व्यवसायिक कृषक समुह भएता पनि यसको प्रवर्द्धनले नगरपालिका कृषिमा आत्मनिर्भर हुने नीतिमा टेवा पुऱ्याउदछ यस कारण उक्त संस्थालाई उपलब्ध गराइएको रकमवाट समुहमा आवद्द भएका कृषकहरुलाई तालिम सञ्चालन गरी नगरपालिकामा आवश्यक कागजात सहित फर्छ्यौट समेत गरिसकेको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु नियमित देखिएको हुदाँ वेरुजु रकम फर्छ्यौटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

**भ) <u>रामकोट वचत तथा ऋण सहकारी स.स.लि.-</u>** रामकोट वचत तथा ऋण सहकारी स.स.लि नगरपालिकाको अधिकारक्षेत्र अन्तर्गत पर्ने सहकारी हो। सहकारी सम्वन्धी व्यवस्था अनुरुपसमेत सहकारी गठन तथा सञ्चालनमा नगरपालिकाको भुमिका रहन्छ। सहकारीद्वारा आम नागरिकहरुलाई पुँजीको संकलन गर्ने वानीको विकास गर्दछ। यस कारण रामकोट वचत तथा ऋण सहकारी वचत केन्द्रीत भए पनि नगरवासीहरु सेयर सदस्य रहेको हुदाँ उक्त सहकारीलाई थप व्यवस्थित वनाउन आवश्यक तालिम लगायतका कार्य सञ्चालनका लागि आवश्यक वजेट नगरपालिका मार्फत विनियोजित गरिएको देखिन्छ। उक्त विनियोजित वजेटवाट तोकिएको कार्य सम्पन्न गरी नगरपालिकामा आवश्यक कागजात सहित फर्छ्यौट समेत गरिसकेको हुदाँ प्रतिवेदनद्वारा औंल्याइएको वेरुजु नियमित देखिएको हुदाँ वेरुजु रकम फर्छ्यौटका लागि आवश्यक प्रमाणहरु सहित डोर समक्ष पेस गर्ने निर्णय गरियो।

७. न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८० जेष्ठ मसान्तसम्म न्यायिक समितिद्वारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त

प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो। साथै न्यायिक समितिवाट पेश भएको ४५ जना मेलमिलापकर्ताको अध्यावधिक सूची अनुमोदन गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको आन्तरिक आय स्रोतलाई वृद्धि गर्न नगरपालिकाको विभिन्न क्षेत्रमा सञ्चालित व्यवसायहरुलाई दर्ता/नविकरणको दायरामा ल्याउन र घरवहाल कर संकलन अभियानलाई सशक्त रुपमा सञ्चालन गरी राजश्व संकलन वृद्धि गर्न उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, नागरिक समाज, टोल विकास महासंघ एवम् सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र परामर्श गर्ने निर्णय गरियो।

९. आ.व. २०७९/०८० मा कार्यान्वयन हुने गरी विनियोजित वडागत वजेट सिलिङ अनुसार सवै भन्दा छिटो योजना तथा कार्यक्रम सम्पन्न गर्ने वडालाई रु १०,००,०००।- (अक्षेरुपी दश लाख) पुरस्कार प्रदान गर्ने गरी दोस्रो नगरसभाले गरेको व्यवस्था अनुसार १४ वटै वडा मध्ये स्वीकृत वडागत योजना तथा कार्यक्रमहरु सवै भन्दा छिटो सम्पन्न गर्ने वडा नं. ७ लाई आगामी आ.व. २०८०/०८१ मा पूर्वाधार शीर्षकमा खर्च गर्ने गरी रु १०,००,०००।- (अक्षेरुपी दश लाख) थप रकम उपलब्ध गराउने निर्णय गरियो।

१०. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट निर्णय भए वमोजिम आ.व. २०७९/०८० मा नगरपालिकावाट संकलन/असुल गर्नु पर्ने राजश्व संकलनमा वडागत रुपमा उठेको कुल राजश्वको १० प्रतिशतले हुन आउने रकममध्ये ५० प्रतिशत पूर्वाधार शीर्षकमा र ५० प्रतिशत राजश्व अभिवृद्धि गर्ने गरी चालु प्रकृतिमा खर्च गर्ने गरी वडाहरुलाई आ.व. २०८०/०८१ को वजेटमा उपलब्ध गराउने निर्णय गरियो। साथै चालु आ.व. २०७९/०८० मा सवै भन्दा वढी राजश्व उठाउने वडा नं. ३ लाई सम्मान समेत गर्ने निर्णय गरियो।

११. यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त जग्गा पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने ल्याण्ड फिल्ड क्षेत्र उपलब्ध गराउने वडालाई पूर्वाधार निर्माण

लगायतका कार्यका लागि सोही वडामा खर्च गर्नेगरी थप वजेटको व्यवस्था गर्ने निर्णय गरियो।

१२. यस नगरपालिकाको क्षेत्राधिकार भित्र राजश्वको दायरा विस्तार गर्ने, राजश्वका दरहरूमा संशोधन गर्ने, राजश्वको नयाँ क्षेत्र पहिचान गर्ने लगायत राजश्व परामर्श समितिको सिफारिसमा राजश्व सम्वन्धी सम्पूर्ण कार्य व्यवस्थित गरी कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

१३. यस नगरपालिकावाट लिईदै आएको राजश्वहरु मिति २०७९ साल श्रावण १ गतेवाट अनलाईन माध्यमको प्रयोग गरी वडाहरुवाटै राजश्व संकलन गरिएकोमा त्यसलाई थप व्यवस्थित वनाइ नागरिकहरुलाई सहज र सुलभ तवरवाट सेवा सुविधा उपलब्ध गराउने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउने निर्णय गरियो।

१४. विश्वका समृद्ध राष्ट्र एवम् छिमेकी मित्र राष्ट्रहरुका स्थानीय सरकार (महानगर/उपमहानगर/ नगरहरु) सँग भगिनी सम्वन्ध स्थापना गरी सहयोग आदान प्रदान गर्ने कार्यलाई प्राथमिकता दिदै यसका लागि आवश्यक समन्वय र पहल गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१५. स्थानीय तहको आम्दानी र खर्च सम्वन्धी लेखा SUTRA मार्फत व्यवस्था गरिएको एवम् सोही अनुसार नै खर्च भुक्तानी गर्ने गरिएको र चालु आर्थिक बर्षका लागि उक्त भुक्तानीको अन्तिम मिति २०८० साल आषाढ २४ गते सम्ममात्र तोकिएको छ। तर विगत बर्षको अवस्था हेर्दा उक्त अन्तिम समयतिर नै भुक्तानीका लागि अत्याधिक चाप पर्ने र सो समयमा SUTRA मा पनि समस्या आई स्वीकृत वीलभरपाइहरुको भुक्तानी हुन नसक्ने स्थिति समेत आइपर्ने अवस्थालाई मध्यनजर गर्दा चालु आ.व. मा पनि अझै सम्म अधिकांश कार्यहरु/योजनाहरु कार्यान्वयनकै चरणमा रहेको हुदाँ एकातिर यस बर्ष पनि त्यस्तो अवस्था नआउला भन्न सकिने अवस्था छैन भने अर्कोतिर सम्पन्न भएको कार्यहरुको

भुक्तानीको दायित्ववाट कार्यालय उम्कन पाउने अवस्था पनि छैन । त्यसैले चालु आ.व. मा कार्यसम्पन्न भई सम्पूर्ण प्रक्रिया पुरा भई अन्तिम भुक्तानीका लागि लेखामा पेश भइसकेका तर गोश्वारा भौचर उठान हुन नसकि चेक तयार हुन नसकेका योजना कार्यक्रम तथा वीलभरपाइहरु वाँकी रहन गएमा त्यस्ता योजना, कार्यक्रम तथा वीलभरपाइहरुको लगत राखी अनिवार्य दायित्व भुक्तानी शीर्षकमा नगरसभावाट विनियोजित रकमवाट खर्च लेखी भुक्तानी दिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

१६. चालु आ.व. २०७९/०८० मा स्वीकृत कार्यक्रमहरु मध्ये प्रक्रियात्मक ढिलाइका कारण चालु आ.व.मा सम्पन्न हुन नसक्ने देखिएका, टेण्डर प्रकृया भै कार्यान्वयनको चरणमा रहेका वा जग्गा विवाद तथा मुद्धाका कारण अगाडि बढ्न नसकेका एवम् अनिवार्य दायित्व भुक्तानी तर्फका तपसिल वमोजिमका योजना तथा कार्यक्रमको दायित्व सारी वहुबर्षीय आयोजनाको रुपमा निर्धारण गरी आ.व. २०८०/०८१ मा कार्य निरन्तरता दिने/भुक्तानी दिने गरी स्वीकृति दिने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | योजना कार्यक्रमको नाम शिर्षक | कुल बजेट | कैफियत |
|---|---|---|---|
| १ | रायटार अल्छिडाँडा खेल मैदान सडक कालोपत्रे | १३५००००.०० | |
| २ | विपद हल मर्मत कार्य | ३५०००००.०० | |
| ३ | अर्बुङ्ग खोला पूल निर्माण | ८००००००.०० | |
| ४ | नीलकण्ठेश्वर पार्क निर्माण | ६३२२५००.०० | |
| ५ | वडा नं. २ को भवन निर्माण | ५००००००.०० | |
| ६ | सुभतारा साना किसान भवन वडानं. १४ | १५०००००.०० | |
| ७ | थापागाँउ भवनघर वडा नं. ११ | ५०००००.०० | |
| ८ | हाडीँखोला पुल डि.पि.आर | १२०००००.०० | |
| ९ | भानुपार्क र महेन्द्र मा.वि डि.पि.आर | ११३००००.०० | |
| १० | एम्बुलेन्स खरिद वडा नं. ६ | १५०००००.०० | |
| ११ | नीलकण्ठ सामुदायिक अध्ययन केन्द्रको बहुउद्येश्यीय तालिम तथा पुस्तकालय भवन | २००००००.०० | |

| | | | |
|---|---|---|---|
| १२ | कभर्ड हल शौचालय सेफ्टि ट्याङ्की | ५००००००.०० | |
| १३ | दमकलका लागि पानी ट्याङ्की र डिप बोरीङ्ग | १००००००.०० | |
| १४ | वडा नं. ५ को खानेपानी मर्मत | ५०००००.०० | |
| १५ | नवप्रवर्तन साझेदारी कोष (I.P.F) सहलगानी | ६००००००.०० | |
| १६ | वडा कार्यालय राम मन्दिर सडक ग्रावेल तथा स्तरोन्नति | १५००००००.०० | |
| १७ | अमरावती हटिया सडक कालोपत्रे सेक्सन २ | ३००००००.०० | |
| १८ | नगर चक्रपथ स्तरोन्नती | ६६००००००.०० | |
| १९ | व्यापारी बगैंचा खानेपानी योजना | ६००००००.०० | |
| २० | तल्लो भुलभुले सडक | २८००००००.०० | |
| २१ | कमेरे पहिरो नियन्त्रण (तिन तले) नी.न.पा.८ | १००००००.०० | |
| २२ | अमरावती हटिया सडक चौडा | २०००००.०० | |
| २३ | अनिवार्य दायित्व भुक्तानी बाँकी | १२८३९९९९.६६ | |
| | जम्मा रु | ८६०९२४९९.६६ | |

१७. यस अधिवेशनमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित कामहरुको प्रतिवेदन अनुमोदन गर्दै समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो।

१८. आ.व २०७९/२०८० मा सञ्चालित योजना अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै कार्यपालिका मार्फत पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो।

१९. सवै वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा, वडा समितिले तोकेको एक जना सदस्य, सम्वन्धित वडाको प्राविधिक र वडा सचिव सदस्य सचिव हुने गरी एक वडा स्तरिय अनुगमन समिति गठन गर्ने निर्णय गरियो। सम्वन्धित वडा भित्रका पूर्वाधार निर्माण र

सामाजिक विकासको क्षेत्रमा गरिएका विकास निर्माण र कार्यक्रमहरुलाई उक्त वडास्तरीय अनुगमन समिति मार्फत अनुगमन गराई अनुगमन समितिलाई पूर्ण जिम्मेवारी वनाई कार्यसम्पादन स्तरलाई थप प्रभावकारी बनाउने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउने निर्णय गरियो।

२०. सडक पूर्वाधार निर्माण गर्दा नाली, टेवा/पर्खाल, वायो इन्जिनियरिङमा जोड दिदै सवै मौसममा यातायात चल्न सक्ने ग्रावेलसमेतको स्तारोन्नती हुने गरी नयाँ कटिङलाई न्यूनिकरण गर्दै सडक सीमा क्षेत्रसमेत स्पष्ट गरी वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिने निर्णय गरियो। साथै पूर्वाधार तर्फ स्वीकृत योजना कार्यान्वयन गर्दा पर्या पर्यटनलाई टेवा पुऱ्याउने गरी निश्चित रकम पर्या-पर्यटनका लागि कार्यान्वयन गर्ने निर्णय गरियो।

२१. संघीय र प्रदेश सरकार मार्फत नीलकण्ठ नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने कार्यक्रम तथा योजनाहरुमा दोहोरोपन हुन नदिन नगरपालिकासँगको आवश्यक समन्वय र सिफारिसमा मात्र बजेट विनियोजन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

२२. संघीय तथा प्रदेश सरकार एवम् अन्य दातृ निकायवाट योजना/कार्यक्रम सञ्चालन हुने गरी नगरपालिकाको योजना/कार्याक्रममा समेत वा साझेदारी लगानी हुने अवस्था भएमा लागत स्टीमेट र प्रक्रिया प्रारम्भ गर्नुपूर्व नै समन्वय तथा सम्झौता हुनुपर्ने ब्यवस्था मिलाउने निर्णय गरियो।

२३. नगरपालिकाको विभिन्न योजना/कार्यक्रमहरुको लागत तयार गर्न, नापजाँच, मुल्याङ्कन गर्न, प्राविधिक सहयोग/सल्लाह दिन एवम् अनुगमन गर्न स्थलगत रुपमा जानु पर्दा पटक पटक भ्रमण आदेश, भ्रमण विल भुक्तानी नगरी मासिक रुपमा एकमुष्ट रकम तोकि दिने व्यवस्था अवलम्वन गर्नु आर्थिक एवम् प्रशासनीक दृष्टिकोणबाट सहज हुने देखिएको हुँदा

नगरकार्यपालिकामा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि निम्नानुसार फिल्ड भत्ता मासिक रुपमा उपलब्ध गराउने तर महिनामा १० दिन भन्दा वढी समय विदा/अन्यत्र काज वसेका कर्मचारीलाई यस्तो सुविधा अनुपस्थित भएको दिनको समानुपातिक रुपमा कट्टा गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो।

फिल्ड भत्ता (नगरपालिका क्षेत्र भित्र )

क) इन्जिनियर/सव-ईन्जिनियर/असिष्टेण्ट,सव-ईन्जिनियर/खा.पा.स.टे/आर्किटेक्ट इन्जिनियर/सुचना प्रविधि अधिकृत/अमिन/पशु सेवा प्राविधिक/कृषि प्राविधिक- शुरु तलव स्केलको मासिक १५ प्रतिशत

ख) सवारी चालकहरुलाई-शुरु तलव स्केलको मासिक १० प्रतिशत

ग) अन्य कर्मचारीहरुको हकमा स्वीकृत भ्रमण आदेश अनुसार

२४. नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवै सेवा, समुह, तहका कर्मचारीहरु, वडा सचिवहरु, वडामा कार्यरत अन्य कर्मचारीहरू, स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म शुरु तलव स्केलको दश प्रतिशत मासिक खाजा खर्चका रुपमा उपलब्ध गराउने निर्णय गरियो।

२५. यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुका सम्वन्धमा राज्यले लिएको नीतिलाई समेत मध्यनजर गरी यस कार्यालयमा हुने इन्धन खपतलाई न्यूनिकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी सवै प्रकारका इन्धन प्रयोगमा नियन्त्रण गर्नुपर्ने अवस्था सिर्जना भएकाले, यस सम्वन्धमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाग्रे सवारी साधनको हकमा अर्को व्यवस्था नभएसम्मका लागि हाललाई दुई पाग्रे सरकारी सवारी साधन, सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाग्रे सवारी साधनहरुको एकीन गरी कार्यालयले उपलब्ध गराउने मासिक रुपमा इन्धन सुविधा वरावरको रकम अन्य सुविधा स्वरुप तपसिल वमोजिम हुने गरी मासिक रुपमा कर्मचारीको खातामा पठाई यस कार्यालयवाट दुई पाग्रे सवारी साधनको लागि कुनै पनि इन्धन कुपन उपलब्ध नगराउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । साथै नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयसँग सम्वन्धित कामकाजमा

सवारी साधन प्रयोग गर्दा प्रमाणित लग वुकको आधारमा इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

**तपशिल**

सरकारी सवारी साधन प्रयोग तर्फ

**क.** फिल्डमा हिड्ने इन्जिनियरिङ तर्फका प्राविधिकहरुको लागि मासिक रु २५००।-

**ख.** फिल्डमा हिड्ने कृषि तथा पशुविकास तर्फका प्राविधिकहरुका लागि मासिक रु २०००।-

**ग.** दैनिक कार्यालय आवतजावत गर्ने कर्मचारीको लागि मासिक रु १५००।-

**घ.** वडा सचिव एवम् स्वास्थ्य चौकी इन्चार्जहरूका लागि मासिक रु १५००।-

निजि सवारी साधन प्रयोग तर्फ

**ङ.** निजि सवारी साधनको हकमा प्रमुख प्रशासकीय अधिकृतले तोके वमोजिम गर्ने।

**च.** कुनै विशेष परिस्थिति आइपरेमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार खर्च गर्ने।

२६. नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयको जिम्मेवारी तथा विदाको दिन, साँझ विहान तथा कार्यालय समय भन्दा वाहिर पनि अतिरिक्त कामकाज गर्न गराउन परेको खण्डमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सुरु तलव स्केलको अधिकतम २० प्रतिशत सम्म थप रकम सुविधाका रुपमा भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो।

२७. नगरपालिकाको अत्यधिक कार्य चापले गर्दा विदाको दिन र विहान वेलुकासमेत थप कामकाज गर्नुपर्ने र सम्पूर्ण कार्यको जिम्मेवारीका हिसावले प्रमुख प्रशासकीय अधिकृतको लागि सुरु तलव स्केलको ४० प्रतिशत रकम थप सुविधा वापत उपलब्ध गराउने निर्णय गरियो।

२८. यस नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेका शाखाहरु, वडा कार्यालयहरुमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाग्रे सवारी साधन तथा सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाग्रे सवारी साधनहरुको एकीन गरी सवारी साधन

मर्मत प्रयोजनार्थ बार्षिक रु १५,०००।- (अक्षेरूपी पन्ध्र हजार) एकमुष्ठ उपलब्ध गराउने र अन्य मर्मत वापतको कुनै सुविधा उपलब्ध नगराउने निर्णय गरियो। कावु वाहिरको परिस्थिति भई मर्मत गर्नुपर्ने अवस्थाको सिर्जना भएको खण्डमा कार्यालयको स्वीकृतिमा मर्मत आदेशानुसार हुने निर्णय गरियो।

२९. यस नगरपालिकाका नगर प्रमुखज्यू नेपाल नगरपालिका संघको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएको र देशका सवै नगरपालिकाहरुको समग्र विकास र सुदृढीकरणमा समेत खटिनुपर्ने भएको हुदाँ नगर प्रमुखको सवारी साधन चलाउने चालकलाई अत्यधिक कार्य चाप हुने एवम् सार्वजनिक विदाको दिन र विहान वेलुकासमेत थप कामकाज गर्नुपर्ने भएको हुदाँ मिति २०८० श्रावण १ गते देखी लागू हुने गरी नगर प्रमुखज्यूको सवारी चालकलाई मासिक रुपमा अतिरिक्त भत्ता स्वरुप रु १५,०००।- (अक्षेरूपी पन्ध्र हजार) थप सुविधा उपलब्ध गराउने निर्णय गरियो। तर यसरी भत्ता उपलब्ध गराउदा नीजलाई वुदाँ नं.२३ (ख) वमोजिमको भत्ता उपलब्ध गराइने छैन ।

३०. यस नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार पदस्थापना भै कार्यरत नगर प्रहरीहरुका साथै हेभी सवारी चालकहरु तथा दमकल एवम् टिफर ट्याक्टर तथा डोजर चालकलाई कार्य चाप एवम् अतिरिक्त कार्यसमेत गर्नुपर्ने भएकोले मिति २०८० श्रावण १ गते देखी लागू हुने गरी प्रति दिन रु २०० का दरले राशन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

३१. नगरपालिकावाट विगत देखि नै सुचारु भई रहेका नागरिकका अपेक्षाकृत सेवाहरुः सुत्केरीलाई निःशुल्क एम्बुलेन्स, विपन्न परिवारलाई रु दश हजार, अन्तिम संस्कार खर्चलाई निरन्तरता दिदै विपद्मा तत्काल राहत उद्धार, कोभिड प्रतिकार्यमा प्रभावकारी व्यवस्थापन, कृषि, सहकारी, र उद्यमीहरूलाई विशेष अनुदान सहितको सहायता कार्यक्रम, कृषकहरुलाई पशु वीमा रकमको ९० प्रतिशत अनुदान (संघको समेत) उपलब्ध गराउने र सामाजिक संस्था, सहकारी, सामुदायिक, सांस्कृतिक, जातिय र धार्मिक संस्थाहरूलाई कार्यक्रमा

आधारित कार्यविधि वनाई परोपकारी कार्यहरुलाई थप प्रभावकारीताकासाथ अगाडि वढाउने निर्णय गरियो।

३२. यस नगरपालिकावाट वडा कार्यालय सञ्चालनार्थ प्रशासनीक तथा अन्य विविध खर्च शीर्षक तर्फ विनियोजन भएको रकम वडाका वडा सचिव/कार्यालय सहायक/सहयोगीलाई आतेजाते र वडा समितिको वैठक भत्ता, अतिथि सत्कारमा हुने खर्च वापत, इन्धन/सवारी साधन मर्मत/बस्ती/वडा भेला/बैठक/सभा/समारोह/खाजा, विज्ञापन/प्रचारप्रसार/पानी विद्युत महशुल लगायत विविध शीर्षकमा रेड वूकको वडागत शीर्षकमा छुट्टाइएको शीर्षक अनुसार वडा कार्यालयको सिफारिस समेतका आधारमा भुक्तानी गर्न सकिने र सोको भुक्तानी माग गर्दा प्रथम त्रैमासिकमा २० प्रतिशत, दोस्रो त्रैमासिकमा ३० प्रतिशत, तेस्रो त्रैमासिकमा ३० प्रतिशत, चौथो त्रैमासिकमा २० प्रतिशतका दरले माग गर्नुपर्ने र सोही अनुसार रकम भुक्तानी दिने निर्णय गरियो। यस्तो खर्चको भुक्तानी वडागत खर्चको सीमा भित्र रही त्रैमासिक प्रतिवेदन सहितका आधारमा वडा अध्यक्षको सिफारिसमा वडा सचिव मार्फत गर्ने, उक्त शीर्षकमा विनियोजन भएको रकमको अन्तिम किस्ता भुक्तानी आषाढको १५ गतेभित्र माग गरी भुक्तानी लिई सक्नुपर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

३३. नगर कार्यपालिका कार्यालय तथा मातहतमा सेवारत करार तथा ज्यालादारीका कर्मचारीहरु, सुरक्षा गार्ड, सरसफाई कर्मचारीहरु, स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरु, र वडामा कार्यरत सहायक कर्मचारीहरुलाई हाल खाईपाई आएको तलवमा नघट्ने गरी आचरण र कार्य सन्तोष जनक भएसम्म अन्य सेवा सुविधा शर्तहरुको दावी नपुग्ने गरी सेवा करारको म्याद एक बर्षका लागि थप गर्ने निर्णय गरियो, तथापी कार्य सम्पादन एवम् आचरण सन्तोषजनक नभएमा सम्वन्धित कर्मचारीहरुको कामप्रति कार्यालय विश्वस्त हुन नसकी करार सम्झौता नविकरण नगरेमा वा सम्बन्धित पदमा स्थायी दरवन्दीका कर्मचारीको पदपूर्ति वा दरवन्दी पुनसंरचना र समायोजन भएमा स्वतः करार

सम्झौता खारेज हुने निर्णय गरियो। साथै सेवा करारबाट म्याद थप गर्दा १ पटकमा वढीमा ६ महिना सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

३४. कर्मचारीहरुको कार्य जिम्मेवारीको व्यवस्थापन गरी स्थायी रुपमा पदपूर्ति हुने रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा नगर कार्यपालिकाको कार्यालयले माग फारम भरी पठाउने व्यवस्था मिलाउने निर्णय गरियो।

३५. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फका सूचना प्रविधि अधिकृतलाई नेपाल सरकार एवम् प्रदेश सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक नघट्ने गरी सम्बन्धित निकायबाट पारिश्रमिक निकासा भई आएमा सोही अनुसार र नआएमा पनि निजको पारिश्रमिक नगरपालिकाको आन्तरिक श्रोतवाट व्यहोर्ने गरी १ वर्षका लागि म्याद थप गर्ने निर्णय गरियो।

३६. नीलकण्ठ नगरपालिकाको आ.व. २०८०/०८१ का लागि विनियोजन भएको योजना तथा कार्यक्रम विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने भएमा २५ प्रतिशत सम्म रकमान्तर गर्ने तथा थप आकस्मिक योजना-कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा र नगर कार्यपालिका तथा वडास्तरबाट निर्दिष्ट योजना तथा कार्यक्रम नतोकि राखिएको बजेटबाट योजना तथा कार्यक्रम स्वीकृत गर्दा नगर-प्रमुखको स्वीकृतिमा गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

३७. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रोजगार संयोजक तथा अन्य सहायक कर्मचारीहरु, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग अन्तरगत एम.आइ.एस. अपरेटर, फिल्ड सहायक, पशु सेवा शाखा अन्तर्गतका कर्मचारी लगायतका यस नगरपालिकामा खटिएका कर्मचारीहरुका सम्वन्धमा सम्बन्धित निकायबाट पारिश्रमिक निकासा भई आएको खण्डमा मात्र म्याद थप गर्ने । साथै आचरण र कार्य सन्तोषजनक नभएमा जुनसुकै वेला हटाउन

सक्ने गरी हाललाई अन्य सेवा सुविधा एवम् शर्तहरुको दावी नपुग्ने गरी सेवा करारको म्याद एक बर्षका लागि थप गर्ने  निर्णय गरियो। यसरी म्याद थप गर्दा एक पटकमा ६ महिनाका लागि मात्र थप गर्ने निर्णय गरियो

३८. नगरपालिकावाट सञ्चालित सक्सन भेईकल (सेप्टि ट्याङ्की सफाई गर्ने गाडी) चालक र कामदारलाई सोवाट उठ्ने रकमको २५ प्रतिशत प्रोत्साहन स्वरुप दिने व्यवस्था मिलाउने निर्णय गरियो।

३९. वजेट निर्माणको क्रममा खटिएका कर्मचारीहरुलाई १ (एक) महिनाको वरावरको खाईपाई आएको तलब प्रोत्साहन भत्ता स्वरुप दिने निर्णय गरियो।

४०. यस नगरपालिकाका लागि आ.व २०८०/०८१ मा हुने निर्माण ढुवानी ज्याला लगायतका दररेटलाई जिल्लाले कायम गर्ने दररेट अनुसार कै दररेट कायम गर्ने निर्णय गरियो। साथै जिल्ला दररेटमा छुट भएको दररेटहरु कायम गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियार प्रदान गर्ने निर्णय गरियो।

४१. यस नगरपलिका र गोरखाको गोरखा नगरपालिका वीच भगिनी सम्बन्ध कायम भई विभिन्न समय र मितिमा दुई स्थानीय तहहरूबीच बैठकहरू सम्पन्न भई सकेको र आगामी आर्थिक वर्षमा पनि यस्ता कार्यहरूलाई निरन्तर दिईने हुँदा दुई पालिकावीचको सम्वन्धलाई अझ प्रगाढ वनाउन उपयुक्त कार्यहरु संचालन गर्न कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

४२. यस नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक वजेटको व्यवस्थापन गरी आवश्यक तयारी गर्ने र नेपाल सरकारले निर्धारण गरेका सुचकां पुरा गरी नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक तयारी लगायतको व्यवस्थापकीय कार्यका लागि नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो।

४३. आ.व. २०८०/०८१ मा विनियोजन भएका योजना तथा कार्यक्रमहरुको विभिन्न एकाई दरमा भएको ठेक्काहरुको वोलकवोल भएको एकाईदर अनुसार वचत भएको रकमलाई सोहि योजनामा थप बजेट आवश्यक भएमा सोही योजनामा र सोही योजनामा आवश्यक नभएमा मात्र अन्य योजनामा विनियोजन गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउने निर्णय गरियो।

४४. यस नगरपालिकाको वडा नं. ८ स्थित रामकोट घिउरिनीटारमा औद्योगिक ग्राम निर्माणका लागि सम्झौता भै कार्यान्वयनको चरणमा रहेको हुँदा उक्त योजनाको सम्पन्नताको लागि संघ र प्रदेशमा आवश्यक क्रमागत वजेटका लागि अनुरोध गर्ने निर्णय गरियो।

४५. यस नगरपालिकाको वडा नं. ८ स्थित तिनतले भिरमा नीलकण्ठेश्वर महादेव पार्क निर्माणका लागि सम्झौता भै कार्यान्वयनको चरणमा रहेको हुँदा उक्त योजनाको सम्पन्नताको लागि संघ र प्रदेशमा आवश्यक क्रमागत वजेटका लागि अनुरोध गर्ने निर्णय गरियो।

४६. यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च वनाउन तथा कार्यसम्पादनलाई थप प्रभावकारी वनाउन सम्पूर्ण कार्यरत कर्मचारीहरु मध्येवाट कार्यपालिकाद्वारा गठित कर्मचारी छनौट समितिको सिफारिसमा देहाय वमोजिमका ३ (तीन) जना कर्मचारीलाई उत्कृष्ठ कर्मचारी घोषणा गरी प्रति व्यक्ति नगद रु २५ हजार र प्रसंशापत्र सहित सम्मान गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

क. श्री विष्णु प्रसाद रिजाल - वरिष्ठ जनस्वास्थ्य अधिकृत आठौं

ख. श्री रमेश अर्याल - सव- इन्जिनियर

ग. श्री वालकुमारी भट्टराइ - कार्यालय सहयोगी

४७. नीलकण्ठ नगरपालिका अन्तर्गत वालवालिकाहरुको अधिकार सुनिश्चितता, माग सम्वोधन र दीर्घकालीन समस्या समाधान गरी वालवालिकाहरुको क्षेत्रमा कार्य गर्न देहाय वमोजिम रहने गरी एक स्थानीय वाल अधिकार समितिको गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. संयोजक :- नगर प्रमुख

ख. सदस्य :- नगर उप-प्रमुख

ग. सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

घ. सदस्य :- शिक्षा शाखा प्रमुख

ङ. सदस्य :- स्वास्थ्य शाखा प्रमुख

च. सदस्य :- प्रशासन शाखा प्रमुख

छ. सदस्य :- महिला वालवालिका शाखा प्रमुख

ज. सदस्य :- सामाजिक विकास संयोजक

झ. सदस्य :- स्थानीय नगर बालसंजाल प्रतिनिधि

ञ. सदस्य :- नगर प्रमुखले तोकेको कार्यपालिकाको १ जना महिला सदस्य

ट. सदस्य सचिव :- बाल कल्याण अधिकारी

४८. नीलकण्ठ नगरपालिका अन्तर्गतका वडाहरुलाई व्यवस्थित गरी वडावाट सम्पादन हुने कार्यलाई चुस्त दुरुस्त वनाउदै आ.व. २०८०/०८१ का लागि शीर्षकगत रुपमा विनियोजित योजना तथा कार्यक्रममा फरक तथा दोहोरो नपर्ने गरी योजना तथा कार्यक्रमहरुका सम्वन्धमा सेवाग्राहीहरुलाई थप झन्झट नहोस् भनी सम्वन्धित वडावाट कार्यान्वयन हुने गरी विनियोजित वडागत योजना तथा कार्यक्रमहरु मध्ये वढीमा ५ लाखसम्मका योजना तथा कार्यक्रमहरुको Estimate गर्ने, सम्झौता गर्ने, तथा अनुगमन/मुल्याङ्कन गरी फरफारक तथा अन्तिम भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयसमक्ष पेश गर्ने अख्तियार वडा कार्यालयलाई दिने निर्णय गरियो। साथै योजना

सम्झौता गर्दा वडा समितिवाट निर्णय गरी वडा प्राविधिकले तयार गरेको Estimate प्रमाणित सहित वडा सचिववाट योजना सम्झौता गरी कार्यसम्पन्न भए पश्चात वडा अनुगमन समितिको प्रतिवेदन तथा वडा सिफारिस सहित आवश्यक वील भरपाई तथा कार्यसम्पन्न विवरण प्रमाणित गरी अन्तिम भुक्तानीका लागि सिफारिसको व्यवस्था वडा कार्यालयले मिलाउने निर्णय गरियो। साथै यस प्रकारका कार्यहरुलाई नगरपालिका कार्यालयको योजना शाखा तथा प्राविधिक शाखाले आवश्यक समन्वय चेकजाँच र सहजीकरण गरिदिनुपर्ने निर्णय गरियो।

४९. यस नगरपालिका अन्तर्गतका वडाहरुमा आकस्मिक मर्मत सम्भार गर्नुपर्ने वा तत्काल कुनै कार्य गर्नुपर्ने अवस्था आइपरेमा र त्यसका लागि नगर कार्यापालिका मार्फत भुक्तानी लगायतका प्रक्रिया मिलाउन समयाभाव हुने देखिएमा त्यसरी गर्नुपर्ने कार्यका सम्वन्धमा आवश्यक सहजीकरण गर्न वडा समितिको निर्णयानुसार वढीमा एकपटकमा रु १५ हजार सम्म आकस्मिक कार्यका लागि वडाकै वजेटवाट खर्च गर्ने गरी वडा कार्यालयहरुलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो। सोका लागि आवश्यक परेमा petty cash का रुपमा पेश्की रकम उपलब्ध गराउन सकिने व्यवस्था मिलाउने निर्णय गरियो।

५०. यस नगरपालिकालाई सूचना प्रविधिमा पहुँच वृद्धि गरी Paperless Governance निर्माण गर्ने सोचका साथ स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकास एवम् विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमवाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वागमती प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा व्यवस्था रहेको नवप्रवर्तन साझोदारी कोषको माध्यमवाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजना सञ्चालन गर्न माग भएको वमोजिम यस नगरपालिकाले **"सूचना प्रविधि मैत्री सुशासन परियोजना"** को अवधारणपत्र पेश भई मिति २०७९ वैशाख २१ गतेका दिन नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वागमती प्रदेश, हेटौंडासँग परियोजना कार्यान्वयनका लागि सम्झौता भई गत आ.व.हरुमा दीपक्षिय सम्झौता वमोजिम तोकिएका कार्यहरुको कार्य सम्पन्न भएको र सम्झौता वमोजिमका नगरपालिका मार्फत गर्नुपर्ने केही कार्यहरु कार्यान्वयन गर्न वाँकी रहेको हुदाँ सम्झौता वमोजिमका कार्यहरु आगामी आ.व.२०८०/०८१ मा सम्पन्न गर्ने गरी योजना तथा कार्यक्रमको दायित्व सार्ने निर्णय गरियो।

५१. नगरपालिका तथा अन्तर्गत कार्यालयवाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र सरल वनाउन थप शाखाहरु विस्तार गर्न आवश्यक देखिएमा स्वीकृत दरवन्दिवाटै कार्य संचालन गर्ने गरी शाखा विस्तार गर्न कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

५२. आ.व. २०८०/०८१ का लागि नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको तेस्रो अधिवेशनवाट स्वीकृत विनियोजन ऐन, २०८० अनुसारका वार्षिक योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार हुने गरी निर्धारण गर्ने निर्णय गरियो।

**<u>वार्षिक योजना तथा कार्यक्रमहरु</u>**

क) आ.व. २०८०/०८१ स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरुको विवरण

**<u>तपसिल</u>**

| कामका लागि पारिश्रमिक आयोजनाहरु | | | | २०२२००० | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | | कार्यक्रमहरु/आयोजनाहरु | वेरोजगार संख्या | कार्यान्वयन हुने वडा | वजेट रु | कैफियत |
| १ | १.१ | शान्ति टोलवाट थोपल गैरीताल सिंढी निर्माण | २४ | ३ | ३३४६७६ | |
| | १.२ | केउरिनी सिंढी वाटो निर्माण | २४ | ५ | ३३४६७६ | |
| | १.३ | देउरालीछाप ठाडो वाटो सिंढी निर्माण | २६ | ६ | ३६२५६६ | |
| | १.४ | धरमपानी ठाँटी सिंढी वाटो निर्माण | १८ | ७ | २५१००७ | |
| | १.५ | लामा स्थान सल्ले डाँडा सिंढी निर्माण | ८ | ११ | १११५५८ | |
| | १.६ | थापा घुम्ती, वासुदेव खोल्सी सडक निर्माण | | १२ | १११५५८ | |
| | १.७ | खुर्सानीखर्क थानसिङ डाँडा र वटुवा आदि सिंढी निर्माण | २० | १३ | २७८८९७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १.८ | गुठ ग्राउण्ड सिरानटोल सिंढी निर्माण | १७ | १४ | २३७०६२ | |
| | | **जम्मा रु** | **१३७** | | **२०२२०००** | |
| **युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरु** | | | | **२६८९०००** | | |
| **सि.नं.** | | **कार्यक्रमहरु/आयोजनाहरु** | **वेरोजगार संख्या** | **कार्यान्वयन हुने वडा** | **वजेट रु** | **काममा खटिन सक्ने वेरोजगार संख्या** |
| २ | २.१ | कल्चेत सिंढी मर्मत | ४३ | १ | ४७०७०० | ७ |
| | २.२ | घुम्ती काजीटोल सडक मर्मत | १९ | २ | ४०३१०० | ६ |
| | २.३ | आँपखोला सालभञ्याङ, वालिङ खोला, विमिरे, पौवा खोल्सी, सिरानधारा गोरेटो वाटो मर्मत | ४० | ४ | ४७०७०० | ७ |
| | २.४ | तारगाउँ तामाङगाउँ सिंढी मर्मत | २२ | ८ | ४०३१०० | ६ |
| | २.५ | आरानडाँडा भ्यूटावर सिंढी मर्मत | ५३ | ९ | ५३८३०० | ८ |
| | २.६ | ढकाल गाउँ फलेते मरनठाँटी गोरेटो वाटो मर्मत | ३१ | १० | ४०३१०० | ६ |
| | | **जम्मा रु** | **२०८** | | **२६८९०००** | |

**ख)** आ.व २०८०/०८१ मा तयार नेपालद्वारा यस नगरपालिकामा कार्यान्वयन हुने गरी विनियोजन भएका निम्नानुसारका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो।

**तपसिल**

| | | | | |
|---|---|---|---|---|
| **तयार नेपालद्वारा सम्पन्न क्रियाकलापहरुको दिगोपना सम्वन्धी कार्यक्रम** | | | | |
| **सि.नं.** | | **कार्यक्रमहरु/आयोजनाहरु** | **वजेट रु** | |
| १ | १.१ | आपतकालिन कार्यसञ्चालन केन्द्रमा रहेको VHF RADIO SET को frequency check र आवश्यक मर्मत संभार | १५३६००० | |
| | १.२ | आपतकालिन वन्दोवस्ती व्यवस्थापन तालिम | ३२०००० | |
| | १.३ | विपद् व्यवस्थापनमा लैगिङ्क दुर्व्यवहार तालिम | ५१२०० | |
| | १.४ | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्वन्धी एप्सहरुको समिक्षा तथा अपडेट | ५१२०० | |
| | १.५ | नगरस्तीय सिकाइ आदानप्रदान तथा तयार नेपाल परियोजना समापन गोष्ठि | १०२४०० | |
| | १.६ | विद्यालयमा सुनाइको अपाङ्गता भएका विद्यार्थीहरुको लागि अध्ययन अध्यापन समाग्री सहयोग स्वावलम्वी स्कुल नी.न.पा. | ८१९२०० | |
| | १.७ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी निर्देशिका, गाईडवुक तयारी | ५१२०० | |
| | १.८ | जोखिम सम्वेदनशील योजना कार्यान्वयन, विश्लेषणात्मक तालिम | ६४०००० | |

| | | | | |
|---|---|---|---|---|
| | १.९ | खरिद प्रक्रिया सम्वन्धि अभिमुखीकरण तालिम | ५१२००० | |
| | १.१० | दातृनिकायको लागि प्रतिवेदन तयारी सम्वन्धि तालिम | ५१२००० | |
| | १.११ | पूर्वाधार मर्मत सम्भार सम्वन्धि तालिम | २५६००० | |
| | १.१२ | सामाजिक आर्थिक तथा वातावरणीय पक्ष सहितको विस्तृत परियोजना प्रतिवेदन तयारी सम्वन्धि तालिम | २००००० | |
| | | **जम्मा रु** | **५०५१२००** | - |
| **अल्पिकरण तथा निर्माण सम्वन्धि कार्यक्रम** | | | | |
| २ | २.१ | नदी नियन्त्रण कार्य | १०२४०००० | |
| | | **जम्मा रु** | **१०२४००००** | - |
| **जलवायु परिवर्तन सम्वोधन सम्वन्धि कार्यक्रम** | | | | |
| ३ | ३.१ | फोहोर मैला व्यवस्थापन कार्यक्रम | ४०९६००० | |
| | | **जम्मा रु** | **४०९६०००** | - |

ग) आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने चालु प्रकृतिका योजना तथा कार्यक्रमहरुको विवरण

**कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च तर्फ**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | ३७०००००० |
| २ | पदाधिकारी मासिक सुविधा | २१११२ | आन्तरिक श्रोत | १२५००००० |
| ३ | कर्मचारी पोशाक | २११२१ | आन्तरिक श्रोत | १२००००० |
| ४ | स्थानीय भत्ता | २११३१ | आन्तरिक श्रोत | ७००००० |
| ५ | महंगी भत्ता कर्मचारी | २११३२ | आन्तरिक श्रोत | १२००००० |
| ६ | फिल्ड भत्ता कर्मचारी | २११३३ | आन्तरिक श्रोत | १५००००० |
| ७ | कर्मचारीको बैठक भत्ता | २११३४ | आन्तरिक श्रोत | २०००००० |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | आन्तरिक श्रोत | ५००००० |
| ९ | अन्य भत्ता | २११३९ | आन्तरिक श्रोत | ७०००००० |
| १० | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक श्रोत | २२००००० |
| ११ | पदाधिकारी अन्य सुबिधा | २११४२ | आन्तरिक श्रोत | ७००००० |
| १२ | कर्मचारी कल्याण कोष | २१२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | ४०००००० |
| १३ | पानी तथा बिजुली | २२१११ | आन्तरिक श्रोत | १०००००० |
| १४ | संचार महसुल | २२११२ | आन्तरिक श्रोत | १०००००० |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक श्रोत | ४०००००० |

| | | | | |
|---|---|---|---|---|
| १६ | सवारी साधन मर्मत खर्च कार्यालय प्रयोजन | २२२१३ | आन्तरिक श्रोत | ३००००० |
| १७ | बिमा खर्च तथा नवीकरण खर्च | २२२१४ | आन्तरिक श्रोत | १०००००० |
| १८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | आन्तरिक श्रोत | २०००००० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री कार्यालय प्रयोजन | २२३११ | आन्तरिक श्रोत | ५०००००० |
| २० | पुस्तक तथा सामग्री (मायाको चिनो सहित) | २२३१३ | आन्तरिक श्रोत | ५००००० |
| २१ | कानून सम्वन्धी किताब तथा श्रोत सामग्री खरिद | २२३१३ | नेपाल सरकार-समानिकरण अनुदान | १००००० |
| २२ | इन्धन - अन्य प्रयोजन | २२३१४ | आन्तरिक श्रोत | २५००००० |
| २३ | राजपत्र प्रकाशन | २२३१५ | आन्तरिक श्रोत | ४००००० |
| २४ | विविध सूचना प्रकाशन खर्च | २२३१५ | आन्तरिक श्रोत | १७००००० |
| २५ | कार्यालय सामान छपाइ | २२३१५ | आन्तरिक श्रोत | १२००००० |
| २६ | बोलपत्र सुचना प्रकाशन खर्च | २२३१५ | आन्तरिक श्रोत | **२००००००** |
| २७ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | आन्तरिक श्रोत | १५००००० |
| २८ | सेवा र परामर्श खर्च | २२४११ | आन्तरिक श्रोत | ४०००००० |
| २९ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | आन्तरिक श्रोत | १०००००० |
| ३० | करार सेवा पारिश्रमिक | २२४१३ | आन्तरिक श्रोत | २४०००००० |
| ३१ | सरसफाई सेवा शुल्क | २२४१४ | आन्तरिक श्रोत | ३००००० |
| ३२ | अन्य सेवा शुल्क | २२५११ | आन्तरिक श्रोत | ५००००० |
| ३३ | सिप विकास तालिम | २२५११ | आन्तरिक श्रोत | ६००००० |
| ३४ | विविध कार्यक्रम खर्च | २२५२९ | राजस्व बाँडफाँड-स्थानीय | १५००००० |
| ३५ | विविधा चालु खर्च | २२५२९ | आन्तरिक श्रोत | १३०००००० |
| ३६ | अनुगमन मूल्यांकन खर्च | २२६११ | आन्तरिक श्रोत | २५००००० |
| ३७ | भ्रमण खर्च कार्यालय प्रयोजन | २२६१२ | आन्तरिक श्रोत | २५००००० |
| ३८ | विविध खर्च कार्यालय संचालन | २२७११ | राजस्व बाँडफाँड-संघीय सरकार | २०००००० |
| ३९ | विविध खर्च बैठक सञ्चालन | २२७११ | राजस्व बाँडफाँड-संघीय सरकार | १५००००० |
| ४० | सभा सञ्चालन खर्च | २२७२१ | आन्तरिक श्रोत | १५००००० |
| ४१ | उद्दार राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | आन्तरिक श्रोत | १५००००० |
| ४२ | जग्गाको भाडा | २८१४१ | आन्तरिक श्रोत | ४०००००० |
| ४३ | घरभाडा | २८१४२ | आन्तरिक श्रोत | ९००००० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | आन्तरिक श्रोत | १०००००० |
| ४५ | अन्य भाडा | २८१४९ | बागमती प्रदेश-समानिकरण अनुदान | ७००००० |
| ४६ | अन्य सेवा शुल्क | २२४१९ | आन्तरिक श्रोत | २००००० |
| ४७ | कार्यालय व्यवस्थापन तथा भाडा ( शाखा व्यवस्थापन) | २२३१५ | आन्तरिक श्रोत | २०००००० |
| ४८ | अन्य फिर्ता | २८२१९ | आन्तरिक श्रोत | १०००००० |
| ४९ | औषधी खरिद खर्च | २७२१३ | आन्तरिक श्रोत | २००००० |
| | | | कुल जम्मा | १६३८००००० |

घ) आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी विनियोजित विषयगत योजना तथा कार्यक्रमहरु

| सि.नं. | | कार्यक्रमहरु/आयोजनाहरु | ईकाइ | परिणाम | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास तर्फ** | | | | | **३३५०००००** | |
| १ | | **सहकारी तर्फ** | | **१५०००००** | | |
| | - | **कार्यक्रमहरु/आयोजनाहरु** | **ईकाइ** | **परिणाम** | **वजेट रु** | |
| | १.१ | सहकारी नियमावली निर्माण | वटा | १ | १००००० | |
| | १.२ | लेखा व्यवस्थापन तथा कोपोमिस तालिम | जना | ४० | ३००००० | |
| | १.३ | सहकारी अनुगमन | पटक | २० | २००००० | |
| | १.४ | सहकारी मार्फत समुदायमा आधारित कार्यक्रम | | | ४००००० | |
| | १.५ | पल्स, पोलिसी र योजना तालिम वचत तथा ऋण सहकारीको लागि | जना | २० | २००००० | |
| | १.६ | सहकारीहरुको अभिलेख व्यवस्थापन तथा रणनीतिक व्यवस्थापन | | | ३००००० | |
| | | | | जम्मा रु | **१५०००००** | - |
| २ | | **कृषि विकास तर्फ** | | **६००००००** | | |
| | - | **कार्यक्रमहरु/आयोजनाहरु** | **ईकाइ** | **परिणाम** | **वजेट रु** | **कैफियत** |
| | २.१ | रोग किरा व्यवस्थापन कार्यक्रम पूर्ण अनुदान | संख्या | १०० | ५००००० | |
| | २.२ | कृषकहरुलाई विषादि प्रयोगबाट हुने असरबारे सचेतना कार्यक्रम | पटक | २ | ३००००० | |
| | २.३ | माटो परिक्षणको लागि आवश्यक रसायन तथा समाग्री खरिद | | | ५००००० | |
| | २.४ | Knapsack sprayer तथा अन्य सामाग्री खरिद तथा ५० प्रतिशत अनुदानमा वितरण | संख्या | ५० | ५००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २.५ | गडौँला खेती प्रवर्द्धन कार्यक्रम पूर्ण अनुदान | वडा संख्या | १४ | ५००००० | |
| | २.६ | वडा स्तरीय कृषि प्रवर्द्धन कार्यक्रम | पटक | २५ | ३०००००० | |
| | २.७ | सूचना प्रकाशन तथा प्रचार प्रसार ( रेडियो कृषि कार्यक्रम) | पटक | २५ | १००००० | |
| | २.८ | वातावरण तथा धान दिवस कार्यक्रम | पटक | २ | १००००० | |
| | २.९ | कफि खेति प्रवद्धन कार्यक्रम | संख्या | ४ | ५००००० | |
| | | | | जम्मा रु | ६०००००० | _ |
| ३ | | **संस्कृति तथा पर्यटन तर्फ** | | ११०००००० | | |
| | | **कार्यक्रमहरु/आयोजनाहरु** | **ईकाइ** | **परिणाम** | **वजेट रु** | **कैफियत** |
| | ३.१ | नीलकण्ठेश्वर पार्क निर्माण | वटा | १ | ८०००००० | |
| | ३.२ | संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास तर्फका विविध कार्यक्रम | वटा | | ३०००००० | |
| | | | | जम्मा रु | ११०००००० | _ |
| ४ | | **उद्यम विकास तर्फ** | | ७५००००० | | |
| | | कार्यक्रमहरु/आयोजनाहरु | ईकाइ | परिणाम | वजेट रु | कैफियत |
| | ४.१ | मेयर उद्यमशीलता कार्यक्रम | | | ७५००००० | |
| | | | | जम्मा रु | ७५००००० | _ |
| ५ | | **पशु विकास तर्फ** | | ६०००००० | | |
| | | **कार्यक्रमहरु/आयोजनाहरु** | **ईकाइ** | **परिणाम** | **वजेट रु** | **कैफियत** |
| | ५.१ | पशुपन्छी आकस्मिक/महामारिजन्य खोप तथा औषधि खरिद | संख्या | | ५००००० | |
| | ५.२ | पशुपन्छी औषधि खरिद वितरण | संख्या | | १०००००० | |
| | ५.३ | बर्डी जोक्यास्टेटर खरिद बितरण (कार्यालय र वडाका प्राविधिकहरुको लागि ) | सेट | १४ | ४४८००० | |
| | ५.४ | पशु बिमा निरन्तरता | | १४ | १५००००० | |
| | ५.५ | डीपिंग ट्यांक खरिद व्यवस्थापन | थान | १० | २००००० | |
| | ५.६ | मिडियाबाट कार्यक्रम/सुचना/ गतिविधि/प्रचार प्रसार | पटक | २० | ५०००० | |
| | ५.७ | जुनेटिक रोग सम्बन्धि अन्तरक्रिया बिद्यालय स्तर | माध्यमिक विद्यालय | ५ | १००००० | |
| | ५.८ | कुकुर बन्ध्याकरण | वटा | २० | २००००० | |
| | ५.९ | भेटेरिनरी स्वयंसेवक निरन्तरता | जना | १४ | २००२००० | |
| | | | | जम्मा रु | ६०००००० | _ |
| ६ | | **उद्योग वाणिज्य तर्फ** | | १५००००० | | |
| | | **कार्यक्रमहरु/आयोजनाहरु** | **ईकाइ** | **परिणाम** | **वजेट रु** | **कैफियत** |
| | ६.१ | उद्योग वाणिज्य संघसंगको सहकार्यमा व्यवसायिक उत्थानशील कार्यक्रम | पटक | १ | ३००००० | |
| | ६.२ | चेम्वर अफ कर्मससंगको सहकार्यमा व्यवसाय प्रवर्दन कार्यक्रम | पटक | १ | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६.३ | घरेलु तथा साना उद्योग महासंघसंगको सहकार्यमा घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | पटक | १ | ३००००० | |
| | ६.४ | कर सचेतना कार्यक्रम | पटक | १ | २००००० | |
| | ६.५ | उपभोक्ता हित संरक्षण कार्यक्रम | पटक | १ | २००००० | |
| | ६.६ | बजार अनुगमन | पटक | १० | २००००० | |
| | | | | जम्मा रु | **१५०००००** | |
